**मजदुर विज्ञापन शाखा**

नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

**विज्ञापनको लागि सूचना**

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५

Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com





विज्ञापनको निम्ति सम्पर्क

फोन नं ६६१९१०७
६६२०५५९



★ वर्ष : २८ ★ अङ्क : ५५ ★ ने. सं. ११४६ चौला थ्व, औँसी/प्रतिपदा ★ बिहीबार ★ ५ चैत, २०८२ ★ March 19, 2026, Thursday ★ मूल्य रु.५।– ★ पृष्ठ ८




इरानको राजधानी तेहरानमा अमेरिकी इजरायली आक्रमणमा वीरगति प्राप्त गरेका इरानको सुरक्षा आयोगका सचिव अलि लारिजानी, जनरल घोलाम्रेजा सोमानी तथा हिन्द महासागरमा डेना जहाजमा मारिएका जलसेनाको सामूहिक अन्त्येष्टिमा उर्लेको दसौँ हजार इरानी जनताको भेला मार्च १८, २०२६ का दिन ।

*तस्बिर : तस्निम समाचार समिति*

# विद्यार्थीहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषयमा सुसूचित गर्नुपर्ने




भक्तपुर, ४ चैत । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा विद्या आर्जन इङ्ग्लिस बोर्डिङ स्कूलको ३३ औँ वार्षिकोत्सव पुरस्कार वितरण तथा सांस्कृतिक कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रमको उद्घाटन गर्दै नगर प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले भक्तपुरबारे विद्यार्थीहरूलाई परिचित गराउन स्थानीय पाठ्यक्रम लागू गरेको उल्लेख गर्नुभयो । उहाँले विद्यार्थीलाई किताबी ज्ञानमात्र नभई भक्तपुरका कला र संस्कृति पनि ज्ञानका स्रोतका रूपमा अध्ययन अध्यापन गराउँदै आएको बताउनुभयो ।

विद्यालयले कमजोर विद्यार्थीहरूलाई विशेष ध्यान दिनुपर्नेमा जोड दिँदै उहाँले विद्यार्थीहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषयमा सुसूचित गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

उहाँले विद्यालय, शिक्षक र अभिभावकको संयुक्त प्रयासले हाम्रा सन्ततिको भविष्य राम्रो हुने विश्वास व्यक्त गर्दै शिक्षा नै विकासको मुख्य स्रोत भएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाले शिक्षालाई प्राथमिकतामा राख्नुको उद्देश्यबारे प्रस्ट पार्दै नगर प्रमुख प्रजापतिले भौतिक सम्पत्ति नाशवान हुन्छ तर शिक्षा कहिल्यै पनि नाश नहुने बताउनुभयो ।

विद्यालयका प्रिन्सिपल पुरुषोत्तम ग्वाछ्ाले विद्यालयले विद्यार्थीहरूलाई पढाइ गर्ने ठाउँको रूपमा मात्र सीमित नराखी जीवन जिउने कला र राष्ट्रप्रति सम्मान गर्न पनि सिकाइरहेको बताउनुभयो ।

विद्यार्थीको आजको मेहनतले भोलिको भविष्य निर्माण हुने बताउँदै उहाँले विद्यार्थीको समग्र व्यक्तित्व विकासमा विद्यालयले जोड दिँदै आएको बताउनुभयो ।

कार्यक्रममा अभिभावक प्रतिनिधि विश्वराम थापा, विद्यार्थी प्रतिनिधि, शिक्षक प्रतिनिधिलगायतले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा प्रमुख प्रजापतिले एसईई उत्तीर्ण विद्यार्थीहरूलाई सम्मानपत्र प्रदान गर्नुभएको थियो भने कार्यक्रमका विशेष अतिथिहरूले विद्यालयद्वारा आयोजित विभिन्न प्रतियोगिताका विजेताहरूलाई पुरस्कार वितरण गर्नुभएको थियो ।

# गैरसरकारी संस्थाहरूलाई निश्चित ऐनभित्र राख्नु आवश्यक

काठमाडौँ, ४ चैत । हालै सम्पन्न प्रतिनिधिसभा र समानुपातिकमा रास्वपाले पाएको मत सैद्धान्तिक मत होइन । प्राप्त मत रास्वपाको सैद्धान्तिक या वैचारिक मत हो भने, रास्वपा परिवर्तनको पक्षमा छ भने अब बन्ने रास्वपाको सरकारले बहुमत जनताको पक्षमा ऐन कानुन बनाउनुपर्छ । तर, पुँजीवादी व्यवस्थाभित्र रहेर आमूल परिवर्तन सम्भव छैन । देश विकास नहुनु या गर्न नसक्नुको कारण शासकहरू विदेशीहरूको चलखेलमा फस्नु हो । अब बन्ने सरकारका नेताहरू पनि विदेशी शक्ति राष्ट्रहरूबाट प्रभावित छन् भन्ने कुरा सञ्चारमाध्यममा आइरहेको छ । जनता र नागरिक समाजको यो आलोचनाबाट रास्वपा बच्नुपर्छ । यसको लागि रास्वपाको सरकारले एमसीसी र एसपीपीको विरोध गर्नुपर्छ ।

सरकारले बहुमत या दुईतिहाइको नाउँमा देश र जनघातका कुनै पनि सन्धि सम्झौता गर्नु हुँदैन । सरकार असमान सन्धि सम्झौतामा फस्नु हुँदैन । राजतन्त्र फर्काउने, देशका प्राकृतिक स्रोत र साधन विदेशी कम्पनी या दलाललाई सुम्पिने काममा सरकार कहिल्यै लाग्नु हुँदैन । त्यस्तो काममा नयाँ सरकार लाग्छ भने त्यो सिङ्गो देश र नेपालीको निम्ति घातक हुनेछ ।


संविधानमा समाजवादउन्मुख समाज निर्माण गर्ने प्रावधान छ । नेपाली समाजलाई समाजवादमा बदल्न हालको संविधानलाई परिवर्तन गर्नुपर्ने हुन्छ । रास्वपाको वाचापत्रमा संशोधनको कुरा उल्लेख छ । समाजलाई समाजवादउन्मुख बनाउने हो भने सरकारले राज्यको संरचनामा जनसङ्ख्याको आधारमा मजदुर र किसानको सहभागिता हुने बन्दोबस्त गर्नुपर्छ । पछाडि पारिएका क्षेत्र र युगौँदेखि शोषितपीडित जनतालाई अगाडि बढाउन अनिवार्य र निःशुल्क शिक्षा व्यवहारमा लागू गर्नुपर्छ । क्रान्तिकारी भूमिसुधार लागू गर्नुपर्छ । नेपाली नागरिकले विदेशमा सम्पत्ति राख्न नपाउने व्यवस्था गर्नुपर्छ ।

आज हरेक क्षेत्रमा पक्षपात, भागबन्डा, भ्रष्टाचार र अनियमितता भएको राजनीतिक विश्लेषक र अर्थविद्हरूको विश्लेषण छ । यस कार्यमा अधिकांश शासक दलका नेता, मन्त्री, सांसद् र जनप्रतिनिधिहरू नै जिम्मेवार हुन्छन् । शासकहरू समाजको मूल्य र मान्यता छोडेर आफ्नो इज्जत, नैतिकता र आस्थामा चोट पुऱ्याउने काममा लागेको कारण जनतामा असन्तोष बढेको हो । हैकम, दबाब, प्रभाव अन्त्य गर्न सर्वोच्च अदालतका प्रधानन्यायाधीश र न्यायाधीशहरू न्यायाधीशहरूले नै चयन गर्नुपर्ने हुन्छ । अहिले प्रधानन्यायाधीश नियुक्तिको कुरा उठेको छ । प्रजातान्त्रिक कार्यशैली अपनाउने हो भने सरकारले होइन सरोकारवालाहरूबाटै छनोट हुने व्यवस्था जरुरी हुन्छ । त्यस्तै विश्वविद्यालयका उपकुलपति, रेक्टर, रजिस्ट्रार महत्त्वपूर्ण र पदाधिकारीहरू सम्बन्धित व्यक्तिहरूबाटै छनोट भए आफ्नो पेसा, पद र कामप्रति बढी जिम्मेवार हुन्छन् । यसबारे सरकारको ध्यान पुग्नुपर्छ ।

नेपालमा विदेशी हस्तक्षेप या चलखेल बढ्नुका अनेक कारणमध्ये राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू पनि हुन् । त्यस्ता संस्थाहरूलाई बिनास्वीकृति खुलमखुला छोड्नु हुँदैन । यसमा सरकारले नियन्त्रण गर्नुपर्छ । ती गैरसरकारी संस्थाहरूलाई एक निश्चित ऐनभित्र राख्नु आवश्यक छ । यतातर्फ नयाँ सरकारको ध्यान जाला कि नजाला ? गत भदौ २३ र २४ गते भएको जेन-जी आन्दोलनले पुऱ्याएको क्षति र नोक्सानमा विदेशी घुसपैठ भएको खबर त्यसै सञ्चारमाध्यममा


***बाँकी पृष्ठ ८ मा***


**व्यङ्ग्यचित्रको कुनो**





**क्षयरोगबाट बचौं र बचाऔं।**

- ❖ खोक्दा र हाच्छ्युँ गर्दा मुख छोप्ने तथा मास्क प्रयोग गर्ने बानी बसालौं,
- ❖ दुई हप्ताभन्दा बढी खोकी लागेमा तुरुन्त स्वास्थ्य संस्थामा जाँच गराऔं,
- ❖ क्षयरोग लागेमा निःशुल्क परीक्षण र उपचार सेवा प्राप्त गरौं,
- ❖ नियमित औषधि सेवनले क्षयरोग निको हुन्छ, चिकित्सकको सल्लाहअनुसार औषधि सेवन गरौं,
- ❖ क्षयरोग लागेको बिरामीको सम्पर्कमा रहँदा सतर्क बनौं,
- ❖ बिरामीलाई भेदभाव नगरौं, साथ र सहयोग दिऔं,
- ❖ क्षयरोग लागेको बिरामीलाई पोषणयुक्त खाना र सरसफाइमा ध्यान दिऔं,

"क्षयरोग निको हुन्छ" भन्ने सन्देश फैलाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



**घोडेजात्रामा घोडाको प्रदर्शन**
घोडे जात्राको अवसरमा काठमाडौँको सैनिक मञ्च टुँडिखेलमा बुधबार घोडाबाट विभिन्न खेल प्रदर्शन गरिँदै । *तस्बिरः रत्न श्रेष्ठ /रासस*

# कानुन व्यवसायी महिलाहरूको ३२ औँ राष्ट्रिय सम्मेलन भक्तपुरमा हुने

*- सञ्जीव दुलाल*

भक्तपुर, ४ चैत । नेपाल बार एसोसिएसनको आयोजनामा कानुन व्यवसायी महिलाहरूको ३२ औँ राष्ट्रिय सम्मेलन भक्तपुरमा आयोजना हुने भएको छ । 'महिलाको समानुपातिक समावेशिता : परिवर्तित र न्यायपूर्ण समाजको सुनिश्चितता' भन्ने मूल नारासहित सञ्चालन हुने सो सम्मेलन चैत ६ र ७ गते हुने आयोजकले जनाएको छ ।

भक्तपुर जिल्ला अदालत बारको आतिथ्यमा हुने उक्त सम्मेलनमा देशभरका महिला कानुन व्यवसायीहरूको सहभागिता हुने नेपाल बार एसोसिएसन भक्तपुरका अध्यक्ष रामसुन्दर खाइतुले जानकारी दिनुभयो । उहाँका अनुसार सम्मेलनमा बारमा आबद्ध कानुन व्यवसायीहरू, नेपाल बार एसोसिएसनका पूर्वपदाधिकारी तथा सदस्यहरू सहभागी हुनेछन् ।

सम्मेलनले नेपालमा महिला अधिकार तथा 'महिलाको समानुपातिक समावेशिता : परिवर्तित र न्यायपूर्ण समाजको सुनिश्चितता' सम्बन्धमा घोषणापत्र पनि जारी हुने अपेक्षा लिइएको छ ।

६ गते बिहान भक्तपुरको दत्तात्रय मन्दिरबाट प्रभातफेरी हुनेछ । उद्घाटन ख्वप बैङ्क्वेटमा हुनेछ । दोस्रो दिन भक्तपुर जिल्ला अदालतको सभा कक्षमा विभिन्न विषयमा विषय विज्ञका साथमा छलफल हुनेछ ।

आयोजकले सबैलाई कालो कोटसहित मर्यादित पहिरनमा उपस्थित हुन आग्रह गरेको छ ।

# बालाबँसी हेलिकप्टर दुर्घटनामा छ जना घाइते

खोटाङ, ४ चैत । केपिलासगढी गाउँपालिका-२ खार्तम्छास्थित बालाबँसीमा बुधबार एयर डाइनेस्टी कम्पनीको हेलिकप्टर दुर्घटना हुँदा छ जना घाइते भएका छन् । काठमाडौँबाट पाँच यात्रु लिएर बुधबार दिउँसो १२ बजेर २ मिनेट जाँदा खार्तम्छास्थित बालाबँसी आइपुगेको हेलिकप्टर अवतरणको क्रममा भित्तामा ठोक्किएको थियो ।

चालकसहित छ जना सवार एयर डाइनेस्टीको नाइन एन-एएफक्यु नम्बरको हेलिकप्टर दुर्घटना हुँदा हेलिकप्टरमा सवार ललितपुर निवासी ६५ वर्षीय काजीबहादुर राई घाइते हुनुभएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक प्रकाश बुढाथोकीले जानकारी दिनुभयो । दुर्घटनामा परेका काजीबहादुरको दाहिने खुट्टा र आँखामा चोट लागेको जनाइएको छ ।

घाइते काजीबहादुर र चालक सविन थापालाई एयर डाइनेस्टी कम्पनीकै नाइन-एनएएन नम्बरको अर्को हेलिकोप्टरबाट १२: ३५ बजे नै उपचारका लागि काठमाडौँ पठाइएको छ । खार्तम्छाका वडाध्यक्ष मिलन राईका अनुसार काजीबहादुरलाई दुर्घटनाग्रस्त



हेलिकप्टरले थिचिरहेको अवस्थामा उद्धार गरिएको हो ।

सो हेलिकप्टरमा एक महिनाअघि बेलायतमा निधन भएकी बालाबँसी निवासी ७७ वर्षीया मनलक्ष्मी राईको शव अन्त्येष्टि गर्न मृतकका आफन्तहरु आएका थिए । मृतकका श्रीमान् ८२ वर्षीय डाकमणि राई, छोरा ५३ वर्षीय बालकुमार राई, छोरी ४७ वर्षीया लक्ष्मी राई, आफन्त ४० वर्षीया समला राई र ललितपुर घर भएका घाइते काजीबहादुर हेलिकोप्टरमा सवार रहेको प्रहरीले जनाएको छ ।

आफन्तका अनुसार मृतक मनलक्ष्मीको शव भने गाडीमार्फत भोलि बिहीबार बालाबँसी आइपुग्ने व्यवस्था मिलाइएको थियो । हेलिकप्टर दुर्घटनामा परेका आफन्त भने सकुशल रहेको वडाध्यक्ष राईले जानकारी दिनुभयो । दुर्घटनालगत्तै चालकले इन्जिन अफ गरेपछि थप क्षति हुन नपाएको हेलिकोप्टरमा सवार बालकुमार राईले बताउनुभयो ।

"घटना सम्झिँदा सपनाजस्तो लाग्छ । सबैको होस् उडिसकेको थियो । म अगाडिको सिटमा बसेको थिएँ", उहाँले भन्नुभयो ।

एयर डाइनेस्टी कम्पनीका क्याप्टेन सविनसँग सात वर्षको कार्यअनुभव र कूल एक हजार १०५ घण्टा हेलिकप्टर उडाएको रेकर्ड रहेको कम्पनीले विज्ञप्तिमार्फत जनाएको छ । उडानका क्रममा कुनै प्राविधिक समस्या आएको हो वा अन्य कारण, त्यसबारे कम्पनीले अहिले केही खुलाएको छैन ।

एयर डाइनेस्टीका प्रवक्ता एवम् वरिष्ठ प्रबन्धक बालकृष्ण पण्डितले जारी गर्नुभएको विज्ञप्तिमा घटनाको यथार्थ कारण पत्ता लगाउन सम्बन्धित निकायसँग समन्वय भइरहेको उल्लेख छ । बारीको डिलमा अवतरण गरिएको हेलिकप्टर पुनः उठाएर बारीको बिचमा लैजान खोज्दा पछाडिको भाग पल्टिएर दुर्घटना भएको थियो ।

दुर्घटनाग्रस्त हेलिकप्टरको पङ्खा र पुच्छर टुक्रिएको अवस्थामा बारीको कुनामा थुप्रिएको छ । बालाबँसीमा भएको हेलिकप्टर दुर्घटनाको अनुसन्धान तथा सरजमिन गर्न अर्को हेलिकप्टरमा काठमाडौँबाट विज्ञ टोली आएर अनुसन्धानपछि फर्किएको स्थानीयले बताएका छन् ।

# एभरेस्टमा दुईदिने जीआइएस तालिम प्रारम्भ



भक्तपुर, ४ चैत । एभरेस्ट इन्जिनियरिङ कलेजमा दुईदिने जीआइएस तालिम आजदेखि प्रारम्भ भएको छ । भौगोलिक योजना बनाउन, स्थान विशेषको छुट्टै भूधरातलीय गुणअनुसार तथ्याङ्क विश्लेषण गर्न तथा विश्लेषणका परिणामहरू गैरप्राविधिकले पनि बुझ्ने गरी नक्सामा देखाउन मिल्ने जीआईएस सफ्टवेयरको तालिम पानी, हिमनदी तथा मौसम विज्ञानसँग सरोकार राख्ने सबैलाई चासोको विषय रहिआएको छ ।

हरेक वर्ष मार्च महिनाको तेस्रो हप्ता विश्वव्यापी जल सप्ताहको रूपमा मनाउने चलन छ । नेपाल राष्ट्रिय हिमनदी, जल तथा मौसम सप्ताह २०२६ अन्तर्गत हरेक वर्षझैँ यस वर्ष पनि नेपाल सरकारको जल तथा ऊर्जा आयोगको सचिवालयको नेतृत्वमा नेपालमा विभिन्न कार्यक्रमहरू गरिँदै छन् ।

यसैअन्तर्गत जल तथा मौसमविद् समाज, नेपालको तत्त्वावधानमा एभरेस्ट इन्जिनियरिङ कलेज, जल तथा मौसमविद् समाज-नेपाल, द स्मल अर्थ-नेपाल र युनिभर्सल इन्जिनियरिङ एन्ड साइन्स कलेजको संयुक्त आयोजनामा एभरेस्ट इन्जिनियरिङ कलेज सेमिनार हलमा उक्त कार्यक्रम भएको हो ।

कार्यक्रमको प्रारम्भमा द स्मल अर्थ-नेपालका तर्फबाट त्रिविक्रम बस्नेतले कार्यक्रमको महत्त्वबारे प्रकाश पार्नुभयो । जल तथा मौसमविद् समाज, नेपालका अध्यक्ष तथा एभरेस्ट इन्जिनियरिङ कलेजका प्राचार्य प्रा.डा. हरिकृष्ण श्रेष्ठले जीआइएस सफ्टवेयर स्नातक तथा स्नातकोत्तर कार्यक्रमको थेसिस तयार गर्न तथा भूधरातलीय वास्तविकतामा आधारित तथ्याङ्कको विश्लेषणमा अति उपयोगी भएकोले यस तालिमबाट प्राप्त सीपको अधिकतम उपयोग गर्न सुझाव दिनुभयो ।

नेपाल इन्जिनियरिङ कलेजका सहप्राध्यापक डा. रघुनाथ प्रजापति तालिमका मूलस्रोत व्यक्ति हुनुहुन्छ ।

# कैलाली भन्सारद्वारा पाँच अर्ब ४० करोड राजस्व सङ्कलन

अत्तरिया (कैलाली), ४ चैत । कैलाली भन्सार कार्यालय धनगढीले आठ महिनाको अवधिमा रु. पाँच अर्ब ४० करोड ६७ लाख राजस्व सङ्कलन गरेको छ । कार्यालयले चालु आर्थिक वर्ष २०८२/८३ को साउनदेखि फागुन मसान्तसम्ममा उक्त परिमाणको राजस्व सङ्कलन गरेको हो ।

कार्यालयले भन्सार महसुलतर्फ रु. दुई अर्ब ८४ लाख, मूल्य अभिवृद्धि करतर्फ रु. दुई अर्ब सात करोड ५९ लाख, अन्तःशुल्कतर्फ रु. १० करोड ५६ लाख र अन्यतर्फ रु. एक अर्ब २१ करोड ६६ लाख राजस्व सङ्कलन गरेको भन्सार कार्यालयका सूचना अधिकारी प्रकाश तिमिल्सिनाले जानकारी दिनुभयो । उहाँका अनुसार कार्यालयको चालु आर्थिक वर्षमा रु. नौ अर्ब ७१ करोड १५ लाख राजस्व सङ्कलन गर्ने वार्षिक लक्ष्य छ । आठ महिनामा सङ्कलन भएको राजस्व वार्षिक लक्ष्यको ५५ दशमलव ६७ प्रतिशत रहेको उहाँले जानकारी दिनुभयो ।

चालु आर्थिक वर्षका कुनै पनि महिनामा राजस्व सङ्कलन लक्ष्यमा भने पुग्न सकेको छैन । कार्यालयले साउनमा रु. ७१ करोड ६१ लाख राजस्व सङ्कलन गर्ने लक्ष्य रहेकामा रु. ५७ करोड ८० लाख, भदौमा रु. ७४ करोड २१ लाख लक्ष्य रहेकामा रु. ५३ करोड ७० लाख, असोजमा रु. ७६ करोड ७७ लाख लक्ष्य रहेकामा रु. ६७ करोड ७८ लाख र कात्तिकमा रु. ८४ करोड ६७ लाख राजस्व सङ्कलनको लक्ष्य रहेकामा रु. ७२ करोड ५४ लाख मात्रै राजस्व सङ्कलन गरेको सूचना अधिकारी तिमिल्सिनाले जानकारी दिनुभयो ।

यस्तै मङ्सिर महिनामा रु. ७८ करोड ३३ लाख राजस्व सङ्कलनको लक्ष्य रहेकामा रु. ६८ करोड ९१ लाख, पुसमा रु. ८१ करोड २५ लाख लक्ष्य रहेकामा रु. ७४ करोड ६५ लाख, माघमा रु. ७६ करोड नौ लाख लक्ष्य रहेकामा रु. ६८ करोड ८२ लाख र फागुन महिनामा रु. ७७ करोड १४ लाख लक्ष्य रहेकामा रु. ७६ करोड ४४ लाख मात्रै राजस्व सङ्कलन भएको उहाँले जानकारी दिनुभयो ।

गत आर्थिक वर्ष २०८१/८२ मा राजस्व सङ्कलन लक्ष्यमा पुग्न सकेको थिएन् । गत आर्थिक वर्षमा रु. ११ अर्ब १६ करोड २६ लाख राजस्व सङ्कलनको वार्षिक लक्ष्य रहेकामा रु. आठ अर्ब ६६ करोड ९८ लाख मात्रै राजस्व सङ्कलन भएको सूचना अधिकारी तिमिल्सिनाले बताउनुभयो । यो वार्षिक लक्ष्यको ७७ दशमलव ६७ प्रतिशत मात्रै हो । *(रासस)*

# तीन फर्ममाथि उपभोक्ता संरक्षण विभागको जरिवाना

काठमाडौँ, ४ चैत । खाद्यान्न तथा दैनिक उपभोग्य वस्तुको कारोबारमा कानुन विपरितका गतिविधि गरेको अभियोगमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले तीन कम्पनीलाई जरिवाना गरेको छ ।

विभागले स्थलगत अनुगमनको क्रममा कानुन विपरितका गतिविधि गरेको अभियोगमा महालक्ष्मी नगरपालिका-७ चाँगाथलीस्थित एकताग्राम स्टोरलाई रु. २० हजार जरिवाना गरेको छ । यस्तै किराना घर ट्रेड एण्ड सप्लायर्स काठमाडौँ बबरमहल र गणपति ट्रेड सप्लायर्स बबरहललाई समान रु. पाँच हजार जरिवाना गरेको छ ।

विभागले उपभोक्ता संरक्षण ऐन, २०७५ अनुसार कारबाही गरिएको स्पष्ट पारेको छ । विभागले थप १९ फर्मलाई भने सुधारात्मक निर्देशन दिएको छ । पछिल्ला दिनमा विभागले गैरकानुनी कारोबार नियन्त्रण गर्नका लागि निरन्तर विभागले अनुगमन गरिरहेको छ ।

# चैत कृष्ण औँसी घोडेजात्रा पर्व मनाइयो

काठमाडौँ, ४ चैत । चैत्र कृष्ण औँसीका दिन बुधबार काठमाडौँ उपत्यकामा परम्परागत घोडेजात्रा पर्व मनाइयो । जनविश्वासअनुसार टुँडिखेलको पूर्व-दक्षिण दिशामा रहेको एउटा रूखमा बास गर्ने गुरुमापा भन्ने राक्षसले सहरका बालबालिकालाई खाने गरेकाले पीडित स्थानीयले विभिन्न उपायले त्यसलाई संहार गरे पनि उसको प्रेतात्मा फेरि जागा भई बालबालिकालाई अनिष्ट गर्नसक्ने भय थियो ।

सोही कारण प्रत्येक वर्ष चैत्र कृष्ण औँसीका दिन घोडेजात्रा गरी गुरुमापाको आत्मालाई घोडाको टापले कुल्चाएर दबाउने गरिएको हो । साथै सहरका कुनै पनि बालबालिकामाथि खतरा नहोस् भनी बुधबार राति त्यही रूखको फेदमा गुरुमापालाई खानेकुरा पनि दिने परम्परा रहिआएको छ ।

नेपाली सेनाका तर्फबाट बुधबारै टुँडिखेलमा अश्वकला, मोटरसाइकल खेल, शारीरिक व्यायाम, युद्धकलालगायत प्रदर्शन गरिन्छ । टुँडिखेलमा हुने घोडेजात्रा समारोहमा राष्ट्रपति रामचन्द्र पौडेल, उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री सुशीला कार्कीलगायत संवैधानिक निकायका पदाधिकारीहरू उपस्थित रहने गर्दछ । बुधबारकै दिन ललितपुरमा पनि एउटा कानो घोडा दौडाएर घोडेजात्रा मनाउने परम्परा छ । *(रासस)*

## सङ्क्षिप्त समाचार

## लागूऔषधसहित सात जना पक्राउ

भद्रपुर (झापा), ४ चैत। लागुऔषध खैरो हिरोइनसहित सात जना पक्राउ परेका छन्। भद्रपुर नगरपालिकाका दुई स्थानबाट उनीहरूलाई पक्राउ गरिएको हो।

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक खगेन्द्रबहादुर खड्काका अनुसार भद्रपुर-६ स्थित श्रवण यादवको घरमा गए राति खानतलासी गर्दा खैरो हिरोइन बरामद भएको थियो। लागुऔषध कारोबारमा संलग्न भएको अभियोगमा सो घरबाट तीन जना पक्राउ परेका छन्। यसैगरी, भद्रपुर बसपार्कबाट चार जनालाई खैरो हिरोइनसहित नियन्त्रणमा लिइएको छ। *(रासस)*

## बैङ्किङ कसुरमा उच्च अधिकारी पक्राउ

काठमाडौं, ४ चैत। नेपाल प्रहरीको साइबर ब्यूरोले बैङ्किङ कसुरको अभियोगमा प्रभु बैङ्कका कर्पोरेट एण्ड प्रोजेक्ट फाइनान्स विभागका प्रमुख दिनेश डङ्गोललाई पक्राउ गरेको छ।

ब्यूरोले प्रतिवादी अशोक शेरचनसमेत माथि अनुसन्धान भइरहेको बेला थप तथ्य प्राप्त भएपछि डङ्गोललाई पक्राउ गरेको हो। सो बैङ्कको महत्वपूर्ण विभागमा कार्यरत डङ्गोलले नेपाल राष्ट्र बैङ्कबाट जारी भएको निर्देशन तथा प्रचलित कानुन विपरित कार्य गरेको तथा प्रभु म्यानेजमेन्ट प्रालि समेतमा प्रवाह ऋणमा कर्जा दुरूपयोग गरेको पाइएको छ।

आरोपी डङ्गोलमाथि जिल्ला अदालत काठमाडौंबाट अनुमति लिई थप अनुसन्धान भइरहेको ब्यूरोका सूचना अधिकारी शिवकुमार श्रेष्ठले जानकारी दिनुभयो। *(रासस)*

## हावाहुरीले छाना उडाएपछि सशस्त्र प्रहरीलाई बस्न समस्या

टक्सार (भोजपुर), ४ चैत। हावाहुरीका कारण ब्यारेकको छाना उडाएपछि सशस्त्र प्रहरीलाई बस्न समस्या भएको छ। हावाहुरीले भोजपुर नगरपालिका-१२, कोटडाँडास्थित सशस्त्र प्रहरी बल नेपाल नम्बर ५ गुल्म हेडक्वाटरको ब्यारेकको छाना उडाएको हो।

सोमबार रातिको हावाहुरीले ब्यारेकका छाना उडाएपछि बसोवासमा समस्या भएको गुल्म प्रमुख सशस्त्र प्रहरी नायब उपरीक्षक दिब्यराज कोइरालाले जानकारी दिनुभयो। उहाँका अनुसार हावाहुरीसँगै वर्षात् हुने भएकाले कार्यरत सुरक्षाकर्मीलाई सहज रूपमा बसोवासमा समस्या भएको हो।

हावाहुरीले भोजपुरमा भौतिक संरचनामा बढी क्षति पुऱ्याएको छ। जिल्लामा घरका छाना विद्यालयका छाना, स्वास्थ्य संस्था, रेडियोको टावर, नेपाल टेलिमको टावर लगायतमा क्षति पुगेको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब उपरीक्षक राजु लामाले बताउनुभयो। उहाँका अनुसार अहिले क्षतिको विवरण सङ्कलन भइरहेको छ।

हावाहुरीले भौतिक संरचनामा क्षति पुऱ्याएकाले विवरण सङ्कलन भए पश्चात राहतका विषयमा जिल्ला विपद् व्यवस्थापन समितिमा छलफल गरिने जिल्ला विपद् व्यवस्थापन समितिका संयोजक तथा प्रमुख जिल्ला अधिकारी राजन पौडेलले जानकारी दिनुभयो। स्थानीय तहहरूले राहत तथा विवरण सङ्कलन गरिरहेका छन्। *(रासस)*

## नवलपरासी पूर्वमा ४६ हजारले लगाए जापानिज इन्सेफलाइटिसविरुद्धको खोप

मध्यविन्दु (नवलपरासी), ४ चैत। नवलपरासी (बर्दघाट सुस्तापूर्व) मा जापानिज इन्सेफलाइटिस विरुद्ध सञ्चालन भइरहेको विशेष खोप अभियानअन्तर्गत हालसम्म ४६ हजार ७७८ जनाले खोप लगाएका छन्। खोप लगाउनेमा १९ हजार १०९ पुरुष र २७ हजार ६६९ महिला रहेका छन्।

जिल्लाका सबै आठवटै स्थानीय तहमा एकसाथ सञ्चालन गरिएको अभियानमा हालसम्म उल्लेखनीय प्रगति देखिएको र मङ्गलबारसम्म लक्षित जनसङ्ख्याको ३१ दशमलव १ प्रतिशतले खोप सेवा लिइसकेको प्रदेश जनस्वास्थ्य कार्यालय नवलपरासी (बर्दघाट सुस्तापूर्व) का प्रमुख केशव चापागाईले बताउनुभयो। जिल्लाभर खोप अभियान प्रभावकारी रूपमा सञ्चालन भइरहेको छ। स्थानीय तहसँगको सहकार्यमा अपेक्षित उपलब्धि हासिल भएको हो।

जनस्वास्थ्य अधिकृत प्रविणकुमार खनालका अनुसार जिल्लाका सबै स्थानीय तहमा खोप सेवा नियमित रूपमा सञ्चालन भइरहेको छ। विशेषगरी मध्यविन्दु नगरपालिका र बौदिकाली गाउँपालिकामा खोपको प्रगति उल्लेखनीय देखिएको छ। मध्यविन्दुमा ४९ दशमलव आठ प्रतिशत र बौदिकालीमा ४७ प्रतिशत प्रगति भएको छ।

जिल्लामा जापानिज इन्सेफलाइटिसको सङ्क्रमण दर पछिल्ला वर्षमा बढ्दै गएपछि ३५ वर्ष माथिका नागरिकलाई लक्षित गरी यही चैत १ गतेदेखि ५ गतेसम्म खोप अभियान सञ्चालन गरिएको हो। अभियानअन्तर्गत करिब एक लाख ५० हजार नागरिकलाई खोप लगाउने लक्ष्य छ। लक्षित उमेर समूहका सबै नागरिकलाई नजिकको खोप केन्द्रमा गई अनिवार्य रूपमा खोप लगाउन आग्रह गरिएको प्रमुख चापागाईले बताउनुभयो।

स्वास्थ्य कार्यालयका अनुसार चालु आर्थिक वर्षमा मात्र जिल्लामा जापानिज इन्सेफलाइटिसका १५ सङ्क्रमित फेला परेका छन्। जसमध्ये छ जनाको मृत्यु भइसकेको छ। यसअघि आर्थिक वर्ष २०७९/८० मा सात जनामा सङ्क्रमण पुष्टि भएकामा पाँच जनाको मृत्यु भएको थियो। आव २०८०/८१ मा आठ जनामा सङ्क्रमण देखिएकामा एक जनाको मृत्यु भएको थियो। जिल्लामा खोप अभियान प्रभावकारी रूपमा सञ्चालन भइरहेकाले लक्ष्यअनुसार उपलब्धि हासिल हुने स्वास्थ्यकर्मीले विश्वास व्यक्त गरेका छन्। *(रासस)*



**रामेछापको माझी बस्ती**
मन्थली (रामेछाप)। रामेछापको मन्थली नगरपालिका-६ नवुघाटस्थित सुनकोसी नदी किनारमा रहेको माझी बस्ती।
*तस्बिर : रमेश ढुङ्गेल/रासस*

## केरा खेतीको बीमा नहुँदा किसान मारमा

चन्द्रपुर (रौतहट), ४ चैत। केरा खेतीको बीमा नहुँदा रौतहटका किसान मारमा परेका छन्। जिल्लाका विभिन्न स्थानीय तहमा लगाइएको केरा खेतीमा बीमा नहुँदा यहाँका किसान प्रकृति प्रकोपबाट मारमा परेका हुन्।

सोमबार साँझ आएको भीषण हावाहुरीका कारण चन्द्रपुर नगरपालिकामा अत्यधिक क्षति पुगेको छ। विशेष गरी चन्द्रपुर-३ मा लगाइएको करिब रु. डेढ करोड बराबरको केरा खेती पूर्ण रूपमा नष्ट हुँदा किसान आर्थिक मारमा परेका छन्।

चन्द्रपुर-१ को पौराई, चन्द्रपुर-२ को जुडिबेला, वार्ड नं ३ को गैडाटार, वार्ड नं ४ को चन्द्रनिगाहपुरलगायत गाउँमा हावाहुरीले केराखेतीमा पूर्ण रूपमा क्षति पुऱ्याएको छ। चन्द्रपुर-३ को गैंडाटार गाउँ केरा उत्पादनको मुख्य क्षेत्रका रूपमा परिचित छ। यहाँका अधिकांश किसानले व्यावसायिक रूपमा केरा खेती गर्दै आएका छन्।



सोमबार आएको हावाहुरीले हजारौं बोट केरा ढल्दा वर्षभरिको मेहनत एकैछिनमा नष्ट भएको स्थानीय कृषक दीपक गौतमले बताउनुभयो। लगानी, श्रम र समय सबै गुम्दा किसान आर्थिक रूपमा धरासायी हुने अवस्थामा पुगेका छन्।

केरा खेती गर्ने किसानले बर्सेनि प्राकृतिक विपत्तिको सामना गर्नुपरेको छ। हावाहुरी, रोग र कहिलेकाहीं जङ्गली जनावरको आक्रमणले केरा खेती नष्ट हुने गरेको तर बीमा नहुँदा सबै क्षति किसानले बेहोर्नुपरेको गौतम बताउनुहुन्छ। यस क्षेत्रमा व्यावसायिक रूपमा केरा खेती गर्ने किसान बढेपछि केरा खेतीको बीमा गर्न पटकपटक चन्द्रपुर नगरपालिकामा आवाज उठाउँदा सुनवाइ नभएको उहाँले बताउनुभयो।

बीमाका लागि चन्द्रपुर नगरपालिकाका नगरप्रमुख सञ्जयकुमार काफ्ले तथा विभिन्न बीमा कम्पनीलाई आग्रह गर्दा बेवास्ता गरेको कृषक गौतमको गुनासो छ। उहाँले करिब ७ बिघा जमिनमा केरा खेती गर्दै आउनुभएको छ। रौतहटमा करिब चार सय बिघाभन्दा बढी जमिनमा केरा खेती भएको र हावाहुरीबाट रु. तीन करोडभन्दा बढीको क्षति पुगेको छ।

यस्तै चन्द्रपुर-३ का अर्का किसान रमेश घिमिरेले केरा खेतीको बीमा भएमा किसानको लगानी सुरक्षित हुने बताउनुभयो। यहाँ बीमा नहुँदा किसान मारमा परेको उहाँले बताउनुभयो। अहिलेको समयमा हरेक बालीको बीमा अपरिहार्य भएको घिमिरेले बताउनुभयो। बीमा कम्पनीले जोखिम बढी हुने भन्दै केरा खेतीको बीमा गर्न आनाकानी गर्दै आएको उहाँको गुनासो छ। यसले हरेक वर्ष प्राकृतिक प्रकोप आउँदा किसान थप समस्यामा पर्ने गरेका छन्।

चन्द्रपुर नगरपालिकाका नगरप्रमुख सञ्जयकुमार काफ्लेले कृषकको बाली बीमाका लागि नगरपालिका सबै किसिमको सहयोग गर्न तयार रहेको बताउनुभयो। बालीका लागि बीमा अति आवश्यक भएकाले बीमाका लागि कुनै पनि किसिमको सहयोग गर्न तयार रहेको उहाँको भनाइ थियो। *रासस*

## बाँकेमा 'आगो नियन्त्रण दस्ता' निर्माण

नेपालगञ्ज, ४ चैत। बाँकेमा डढेलो नियन्त्रणका लागि 'आगो नियन्त्रण दस्ता' निर्माण गरिएको छ। जिल्लास्थित वन डिभिजन कार्यालयले जिल्लामा २४ जनाको दस्ता निर्माण गरेको हो।

वन डिभिजन कार्यालयका वरिष्ठ वन अधिकृत तथा सूचना अधिकारी टङ्क गुरुङका अनुसार डढेलो लाग्ने क्षेत्रका पहिचान गरी दस्ता निर्माण गरिएको हो। खास गरी शम्शेरगञ्ज क्षेत्रका लागि १२ र सिक्टा सब डिभिजन वन कार्यालयअन्तर्गत रहेको भूवरभवानी चक्ला वनका लागि १२ जनाको आगो नियन्त्रण दस्ता बनाइएको उहाँले जानकारी दिनुभयो।

सूचना अधिकारी गुरुङले जनचेतनामूलक कार्यक्रमसहित विभिन्न कार्यक्रम गर्न वन उपभोक्ता महासङ्घको समन्वयमा डढेलो नियन्त्रणका कार्यक्रम ल्याइएको उल्लेख गर्दै छ हजार लिटर पानीको क्षमता भएको वारुणयन्त्र तयारी अवस्थामा राखिएको बताउनुभयो। "हामीसँग भएको स्रोत र साधनका हिसाबले हामी डढेलो नियन्त्रण गर्न तयारी अवस्थामा बसेका छौं", उहाँले भन्नुभयो।

गुरुङले आगलागी भएपछि दस्ताले आगो नियन्त्रण तथा उद्धारका काम गर्ने उल्लेख गर्नुभयो। बाँकेमा गत वर्ष डढेलो नलागे पनि अघिल्लो वर्ष डढेलो लाग्दा ठूलो मात्रामा वन्यजन्तु मरेका थिए।

वन डिभिजन कार्यालयका प्रमुख शङ्करप्रसाद गुप्ताले डढेलो नियन्त्रणका लागि 'अग्नि नियन्त्रण हेरालु' चार वर्षका लागि नियुक्त गरिएको जानकारी दिँदै उहाँहरूले आगलागी हुन नदिन योजनाबद्ध काम गर्ने बताउनुभयो। उहाँले शम्शेरगञ्ज सब डिभिजन वन कार्यालयअन्तर्गतको वन र सिक्टा सब डिभिजन वन कार्यालयअन्तर्गतको वनमा छ/छ जनाको अग्निनियन्त्रण हेरालु रहेका उल्लेख गर्नुभयो।

प्रमुख अग्निनियन्त्रण हेरालुले फायरलाइन सफा गर्नुका साथै त्यसको संरक्षण गर्ने गुस्ताले जानकारी दिनुभयो। उहाँका अनुसार जिल्लामा १०० किलोमिटर फायरलाइन रहेकामा त्यसलाई बढाएर १२० किलोमिटर पुऱ्याएको छ। उहाँले शम्शेरगञ्जमा रु. २५ लाखको लागतमा २० हजार लिटर क्षमताको 'ओभर वाटर ट्याङ्क' समेत निर्माण भएको उल्लेख गर्दै डढेलो नियन्त्रणमा त्यसले पनि प्रभावकारी भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गर्नुभयो।

**डढेलोका जोखिम न्यूनीकरण गर्न प्रतिकार्य योजना**

बाँकेमा गर्मीयाम सुरु भएपछि चल्ने तातो हावा (लु), आगलागी, हावाहुरी तथा वन डढेलो घटनाका जोखिमलाई न्यूनीकरण गर्न प्रतिकार्य योजना स्वीकृत गरिएको छ। जिल्ला विपद् व्यवस्थापन समिति बाँकेका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी दिलकुमार तामाङको अध्यक्षतामा बसेको बैठकले आगलागी, वन डढेलो, तातो हावा (लु) तथा हावाहुरीबाट हुनसक्ने क्षतिलाई रोकथाम तथा न्यूनीकरण गर्न पूर्वतयारीलाई थप प्रभावकारी बनाउने निर्णय गरेको छ।

बैठकले यसअघि भएका निर्णयको कार्यान्वयन अवस्थाबारे समीक्षा गर्दै आगामी दिनमा जोखिम व्यवस्थापनका लागि स्पष्ट कार्ययोजना अघि बढाउने सहमति पनि गरेको जनाएको छ। बैठकमा जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रले तयार पारेको आगलागी, तातो हावा (लु) तथा वन डढेलो पूर्वतयारी तथा प्रतिकार्य योजना २०८२ माथि विस्तृत छलफल भएको थियो।

गर्मी बढेसँगै आगलागी तथा वन डढेलोका घटना बढ्ने जोखिम रहेकाले डिभिजन वन कार्यालयलाई आगलागी रोकथामका लागि छुट्टै कार्ययोजना तयार गरी कार्यान्वयन गर्न निर्देशन दिइएको छ। वन डढेलो नियन्त्रणका लागि प्रचारप्रसार तथा सचेतना अभियान सञ्चालन गर्ने र आवश्यक उपकरण व्यवस्थापनका लागि जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रसँग समन्वय गर्ने निर्णय पनि बैठकले गरेको छ। *(रासस)*

। सम्पादकीय ।

# जनतामा परिवर्तनको अनुभूति गराउनु सरकारको दायित्व

फागुन २१ गते भएको प्रतिनिधिसभा निर्वाचनको नतिजा प्रकाशित भएको पनि हप्ता दिन नाघिसक्यो । दलले प्राप्त गरेको मतको आधारमा समानुपातिक नतिजा पनि सार्वजनिक भयो । नतिजा सबै सार्वजनिक भइसकेपछि बहुमतको आधारमा नयाँ सरकारको गठन हुनुपर्ने हो । तर, प्रधानमन्त्री नियुक्ति प्रक्रिया ढिलो भइरहेको छ । चैत ४ गते प्रकाशित गोरखापत्रमा उल्लेख भएअनुसार सङ्घीय संसद सचिवालयले चैत १३ गतेभित्र नवनिर्वाचित सदस्यको शपथग्रहण गराएपछि मात्रै प्रम नियुक्ति हुने जनाएको छ । समाचार स्रोतअनुसार निर्वाचन आयोगले चैत ५ गते निर्वाचन परिणाम राष्ट्रपतिलाई बुझाउनेछ । प्रतिनिधिसभा नवनिर्वाचित सदस्यले शपथग्रहण गर्नुअघि नवनिर्वाचितमध्ये ज्येष्ठ सदस्यले शपथग्रहण गर्नुपर्ने बन्दोबस्त छ । ज्येष्ठ सदस्यको शपथग्रहणपछि मात्रै अन्य सांसदहरूको शपथग्रहण हुनेछ ।

बहुमतको आधारमा एकल सरकार गठन हुने हुँदा सरकार गठनमा ढिलाइ हुन नहुने हो । सम्भवत: पार्टी सभापति रवि लामिछाने र बालेनबिच अझै गृहकार्य बाँकी छ । प्रधानमन्त्री नियुक्ति गर्ने कुरा दुई नेताबिचको सहमतिभन्दा पार्टीले निर्णय गर्नुपर्ने हो । दुई नेताबिच हुने सहमति कति व्यावहारिक हो, तिनीहरू नै जानून् । तर, मुख्य कुरा कसको नेतृत्वमा सरकार गठनभन्दा पनि कुन वर्गका जनताको सेवाको निम्ति सरकार परिवर्तन भन्नेतर्फ हाम्रो ध्यान जानुपर्छ । नेपाली जनता परिवर्तन चाहन्छन् । त्यो परिवर्तन सरकारको नेतृत्व गर्नमात्र होइन । व्यापक नेपाली जनताको हित या पक्षमा परिवर्तन हुनुपर्छ । विगतमा पटकपटक सरकारको नेतृत्व परिवर्तन भए पनि कुनै राहतको अनुभूति नभएकैले जनतामा असन्तुष्टि बढेको हो । अत: राजनीति समाज परिवर्तनको निम्ति शक्तिशाली आधार बन्नुपर्छ । जनतामा परिवर्तनको अनुभूति गराउनु नै सरकारको पहिलो प्राथमिकता हुनुपर्छ ।

विभिन्न काण्डैकाण्ड र बेथिति भएको यो देशमा नयाँ सरकारले कसैको दबाब र प्रभावमा नपरी काम गर्नुपर्छ । प्रधानमन्त्री, मन्त्री र सांसदहरू आर्थिक अनुशासनमा बस्नुपर्छ । संसदलाई कमाउधन्दा गर्ने थलो बनाइनु हुँदैन । संसद् बैठक छोडेर राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामा धाउनु हुँदैन । निर्वाचित कति सांसदहरू राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामा आबद्ध छन् । उनीहरू देश र जनताको चिन्ता र चासो नलिइकन गैरसरकारी संस्थामा सामेल भएर विदेशी गतिविधि बढाउने, विदेशी चलखेललाई निम्त्याउने काम गरेर पदको दुरूपयोग गरी अकुत सम्पत्ति कमाउनेतर्फ लागे त्यो पदको मर्यादा उल्लङ्घन हुनेछ ।

देशलाई ऋणमा डुबाउनु हुँदैन । देशले प्राप्त विदेशी सहयोग र अनुदानमा हुने अनियमितता या चुहावट रोक्नुपर्छ । ऋण लिएर देश विकास गरेको कुरा खोक्नु उचित होइन । देशमा बहुमत जनता किसान छन् । बन्ने सरकार बहुमत जनताको पक्षमा छ भने उसले क्रान्तिकारी भूमिसुधार लागू गर्नुपर्छ । किसानहरूको निम्ति आवश्यक रासायनिक मल कारखाना स्वदेशमै खोल्नुपर्छ । जनताका आधारभूत आवश्यकता परिपूर्ति गर्न कलकारखाना खोल्नुपर्छ । सर्वसाधारण जनताका छोराछोरीले पनि उच्च शिक्षा हासिल गर्न पाउन नि:शुल्क शिक्षाको व्यवस्था हुनुपर्छ । युवाहरूलाई स्वदेशमै काम-मामको व्यवस्था गरिनुपर्छ । गरिबवर्गका ज्येष्ठ नागरिकहरूको जीवन सुनिश्चित गर्नुपर्छ । प्रगतिशील कर लगाएर आम्दानीको स्रोत जुटाउनुपर्छ । देशभर विद्यालय पुग्नुपर्छ । आवश्यकताअनुसार आवश्यक ठाउँमा विश्वविद्यालय स्थापना गर्नुपर्छ । विश्वविद्यालयको शिक्षा गुणस्तरीय र सस्तो हुनुपर्छ । गरिबी र बेरोजगारी हटाउन ठोस योजना ल्याउनुपर्छ ।

सरकार या शासक दलले देश र जनताको निम्ति योगदान गर्ने हो; देशबाट फाइदा लिने या दलगत र व्यक्तिगत स्वार्थ खोज्ने होइन । नयाँ सरकारले पुरानै सरकारको कार्यलाई निरन्तरता दिने हो भने नयाँ सरकार र पुरानो सरकारबिचको तात्त्विक भिन्नता के ? श्रमजीवीवर्गको सेवा नगरी पुँजीपतिवर्गको निम्ति सेवा गर्छ भने पहिलेको र अहिलेको सरकारबिच के भिन्नता देखाउने ? पहिलेझैँ बेथिति बढ्छ; नेता, मन्त्री र सांसदहरू भ्रष्टाचार या अनियमितता प्रकरणमा फस्छन् भने नयाँ र पुरानोबिच के फरक भयो ? देशको अर्थतन्त्र मजबुत बनाउनुपर्छ; विदेशी अनुदान या सहयोग सदुपयोग गर्नुपर्छ । कहीँ कतै पक्षपात र विभेदको अनुभूति दिलाउनु हुँदैन । विकासको अनुभूति गाउँ-गाउँ र बस्ती बस्तीमा पुग्नुपर्छ । जनताको माग सम्बोधन गर्नु नै सरकारको मुख्य जिम्मेवारी हो । नत्र देश समृद्ध सम्भव छैन ।

संसारका विभिन्न मुलुकमा भइरहेको भ्रष्टाचार, आर्थिक अनियमितता, हत्या, हिंसा, बढ्दो आपराधिक क्रियाकलाप, असमानता, विभेद र पक्षपातकै कारण आन्दोलन तथा प्रदर्शनहरू हुन्छन् या जनतामा असन्तोष बढ्छ । सरकारले आन्दोलनकारी र प्रदर्शनकारीहरूको माग पूरा गर्नुको सट्टा बल प्रयोग गरी दबाउँछ । फलस्वरूप विद्रोह हुन्छ । समस्या समाधान नगरी सरकार दमनमा उत्रेपछि त्यहाँ सङ्कट उत्पन्न हुन्छ । यस्तै सङ्कट, अन्योल र आर्थिक समस्याले नै सङ्घर्ष चर्किन्छ । आर्थिक सङ्घर्ष राजनीतिक सङ्घर्षमा परिवर्तन हुन्छ र समाज परिवर्तन हुन्छ । वर्गीय समाजमा वर्गसङ्घर्ष भइरहन्छ । वर्गसङ्घर्षले नै समाज परिवर्तन गर्छ । विगतको सरकारले देश परिवर्तनको निम्ति अब कुनै सङ्घर्ष गर्न आवश्यक छैन भनेको थियो । तर, त्यो सत्य होइन । श्रमजीवीवर्गका व्यापक जनताले समानता, स्वतन्त्रता, न्याय, अधिकार र जीवनको सुनिश्चितता नभएसम्म आन्दोलन छोड्ने छैनन् । त्यो भनेको वर्गसङ्घर्षबाटै समाजवादी व्यवस्था स्थापना गर्ने हो । यो व्यवस्थामा बहुमत जनताको सेवा हुन्छ ।

# साम्राज्यवाद, तेलको भाउ र विश्व अर्थतन्त्र

✍ **प्रभात पटनायक**



यो साता तेलको मूल्यले प्रतिब्यारेल १०० डलर नाघ्यो । यसले ११० डलर छोइसकेको छ । इरानविरुद्ध साम्राज्यवादी आक्रमण सुरु हुनुभन्दा पहिले प्रतिब्यारेल तेलको मूल्य ६९ डलर थियो । यो तथ्याङ्क हेर्दा एक सातामै तेलको मूल्य अकासिएको देखिन्छ । तेलको भाउ बढ्नुको खास कारण वास्तविक अभाव होइन । इरानले हर्मुज नाका बन्द गरेकै हुनाले अभाव बढेको होइन । बरु अभाव बढ्ला भन्ने अनुमानले तेलको भाउ बढेको हो । अहिले सन् १९७३ कै जसरी तेलको मूल्य बढेको हो । त्यो बेला अभावले गर्दा तेलको भाउ बढेको थिएन । बरु तेल निर्यात गर्ने देशहरूको सङ्गठन ओपेक (OPEC) ले मूल्यवृद्धि गरेको हुनाले भाउ बढेको थियो । आज तेलको मूल्य बढ्नुलाई सन् २००८ र २०२२ को घटनासँग पनि दाँज्न मिल्दैन ।

सन् २००८ र २०२२ दुवैमा मूल्यवृद्धि त भयो तर त्यति धेरै टिक्न सकेन । सन् २००८ मा आकस्मिक रूपमा तेलको माग बढेको हुनाले तेलको भाउ बढेको थियो । त्यो वर्ष चीनको माग एकाएक बढेको थियो भने नाइजर र पश्चिम एसियाका देशहरूको आपूर्ति प्रणालीमा खलल पुगेको थियो । त्यसैले, त्यो मूल्यवृद्धि उति टिक्न सकेन । सन् २०२२ मा युक्रेन युद्ध भएपछि रुसविरुद्ध पश्चिमा देशहरूले प्रतिबन्ध लगाएका थिए । त्यसले गर्दा एकाएक तेलमा मूल्यवृद्धि भयो । तर, आर्थिक प्रतिबन्धबिच पनि रुसले तेल आपूर्तिको चाँजो मिलायो । युरोपेली बजारमा रुसले तेल आपूर्ति गर्दै आएकोमा महँगो दरमा अमेरिकाले तेल बेच्न थाल्यो । यिनै कारणले गर्दा सन् २०२२ मा भएको मूल्यवृद्धि धेरै दिन टिकेन । तर, अहिले इरानमाथि अमेरिका र इजरायलको आक्रमणको कारण तेलको भाउ बढेको हो । त्यसैले, यो युद्ध जारी रहेसम्म तेलको भाउ तल झर्ने देखिन्न । किनभने, यो युद्ध टुङ्गिने कुनै छाँट पनि देखिन्न । हर्मुज नाकाबाट इरानको मात्र नभई धेरै तेल निर्यातकर्ता देशको तेल बाहिर जान्छ । यहाँबाट बाहिरिने तेल रुसको कूल आपूर्तिको दाँजोमा झन्डै दोब्बर छ । मूल्य घटाउनमा भूमिका खेल्नुको साटो डोनाल्ड ट्रम्पले मूल्यवृद्धिलाई कम आँकेका छन् । उनले मूल्यवृद्धिलाई युद्धको लक्ष्यका हिसाबले 'सानो मूल्य चुकाउनुपर्ने' भने ।

तेलको मूल्यवृद्धि अझ केही समय यसरी नै अघि बढेको स्थितिमा यसले विश्व अर्थतन्त्रमा गहिरो असर गर्नेछ । यसले ऊर्जाको मूल्यवृद्धि गराएर उपभोक्ताहरूलाई महँगीको चपेटामा पार्नु स्वाभाविक छ । यसबाहेक यसले तेल नभई उत्पादन नहुने धेरै वस्तु र सेवाको भाउ बढाउनेछ । साथमा यी वस्तु र सेवामा आधारित अन्य वस्तु र सेवाको मूल्य पनि बढ्नेछ । जस्तो, तेलको मूल्य बढ्दा रासायनिक मलको मूल्य बढ्नेछ, जसले गर्दा अन्न उत्पादनको लागत बढ्नेछ र अन्तत: खाद्यान्नको भाउ बढ्नेछ । *(अन्न उत्पादकहरूको मुनाफा नघटाउने हो भने यसको मार सिधै उपभोक्तालाई पर्नेछ ।)* साथमा, सबै मालसामानको ढुवानी खर्च बढ्नेछ र यसले गर्दा महँगी थप बढ्नेछ ।

तेल महँगो हुँदा नाफा कमाउने देशहरूले तत्कालै त्यो नाफा बैङ्कमा जम्मा गर्नेछन् । यसले वस्तु वा सेवाको कुनै प्रत्यक्ष माग पैदा गर्ने छैन । त्यति नै बेला, महँगीको मार खेप्ने देशहरूले वस्तु र सेवाको आफ्नो कूल माग साँच्चै घटाउनुपर्नेछ । यसले गर्दा विश्वको कूल मागमा दबाब पर्नेछ र यसले विश्व अर्थतन्त्रमा मन्दी ल्याउनेछ । यहाँनिर हामी फेरि एकपल्ट अहिले तेलमा भइरहेको मूल्यवृद्धिको विशेषतामा ठोक्किन पुग्छौँ ।

आपूर्तिको समस्याले नभई उत्पादकहरूको मिलेमतोका कारण तेलको मूल्य बढेको स्थितिमा प्रभावित देशका सरकारहरूले कूल माग कायम राख्न र मन्दीको खतरा टार्न विस्तारमुखी आर्थिक र मौद्रिक नीति अपनाउन सक्छन् । *(सन् १९७० को दशकमा यस्तो हुँदा प्रभावित सरकारहरूले त्यसो गरेका थिएनन् ।)* तर, आपूर्तिमा समस्या हुनाले मूल्यवृद्धि हुँदाको स्थितिमा प्रभावित सरकारहरूले यो उपाय पनि लगाउन मिल्दैन । यस्तो स्थितिमा मन्दी अनिवार्य बन्न जान्छ । साथमा, मन्दी नै आपूर्तिको समस्याबाट पार पाउने उपाय बन्छ । तसर्थ, तेलको मूल्यवृद्धि जारी रह्यो भने विश्व अर्थतन्त्रमा मुद्रास्फीतिले ल्याउने मन्दी अवश्य आउनेछ ।

यो मन्दी संसारका सबै देशमा फैलिनेछ । *(बेलैमा रोकथामका उपाय नअपनाए तेल उत्पादक देशमै पनि यो मन्दी फैलिनेछ ।)* तर, दक्षिणी गोलार्द्धका देशहरूका लागि यो मन्दी अझ बढी विनाशकारी हुनेछ ।

तेलको मूल्यवृद्धिका कारण तेल आयात गर्ने सबै देशले 'भुक्तानी सन्तुलन' मा आफ्नो 'चालु खाता घाटा' बढेको पाउनेछन् । माथिको चर्चामा हामीले यो कुरालाई उति ध्यान दिएका थिएनौँ । अर्को भाषामा भन्नुपर्दा हामीले बढेको घाटाको (वित्तीय) खर्च मिलान गर्न समस्या नहुने मानेका थियौँ । उदाहरणको लागि, तेल निर्यात गर्ने देशहरूले बैङ्कमा जम्मा गर्ने रकमलाई यी बैङ्कले तेल आयात गर्ने देशहरूलाई घाटा मिलान गर्न ऋणको रूपमा दिनेछन् । तर, यस्ता बैङ्कका आँखामा उत्तरी गोलार्द्धका देशहरू जस्तो दक्षिणी गोलार्द्धका देशहरू पर्याप्त ऋण दिन योग्य छैनन् । *(अन्य अन्तर्राष्ट्रिय ऋणदाताहरूले पनि दक्षिणी गोलार्द्धका देशहरूलाई यसरी नै हेर्छन् ।)* यस्तो स्थितिमा दक्षिणी गोलार्द्धका देशहरूलाई आफ्नो बढेको चालु घाटा थेग्ने गरी खर्च मिलान गर्न हम्मेहम्मे पर्नेछ । उनीहरूको मुद्राको अवमूल्यन हुन थाल्नेछ । यसले गर्दा उनीहरूले कठोर सर्तमा बाह्य ऋण लिनुपर्नेछ । उनीहरू झन् कडा (सामाजिक क्षेत्रमा खर्च कटौती गर्ने) 'मितव्ययी' नीति अपनाउन राजी हुनुपर्नेछ । उनीहरूले विदेशी ऋणदाताहरूकहाँ आफ्ना खनिज स्रोत धितो राख्नुपर्नेछ आदि । यसकारण, दक्षिणी गोलार्द्धका देशको हकमा मुद्रास्फीति झन् घातक ठहरिनेछ । तेलको मूल्यवृद्धि र त्यसको असरले मात्र उनीहरूलाई मार पर्नेछैन । बरु मुद्राको विनिमय दरमा आउने ह्रासले गर्दा पनि सबै आयातीत सामानको मूल्य बढ्नेछ ।

दक्षिणी गोलार्द्धका देशहरूले भोग्ने मन्दी अझ चर्को हुनुको अर्को कारण पनि छ । महँगीले गर्दा ती देशका जनताले वस्तु र सेवाको माग घटाउने निश्चित नै छ । यसबाहेक, विदेशी ऋणदाताहरूले थोपर्ने 'खर्च कटौती' नीतिका कारण उनीहरूको ढाड थप सेकिनेछ । यसरी, दक्षिणी गोलार्द्धका देशका जनताको जीवन थप कष्टकर हुनेछ । त्यसैले ती देशका जनताले यो अनैतिक र अवैध युद्ध अन्त्य गर्नका लागि अमेरिकालाई दबाब दिन आवश्यक छ ।

लगातार तेलमा मूल्यवृद्धि हुँदै गएमा भारतलाई अझ बढी मार पर्नेछ । हर्मुज नाकाबाट बाहिरिने ८४ प्रतिशत कच्चा तेल चीन, भारत, जापान र दक्षिण कोरियाजस्ता एसियाली मुलुकमा आउँछन् । त्यही भएर यो नाका बन्द हुँदा तेलको मूल्य र विनिमय दरमा मात्र असर पर्ने होइन, बरु यसले गर्दा ती देशमा हुने तेल आपूर्ति पनि समयमा हुनेछैन । यसको सिधा असर भारतलाई पनि पर्नेछ । निश्चय पनि डोनाल्ड ट्रम्पले तेलको मूल्यवृद्धिले पार्ने असरबाट जोगिन भारतलाई रुसको कच्चा तेल खरिद गर्न 'अनुमति' दिएका छन् । *(वास्तवमा यो भारतको उपनिवेशवादी सङ्घर्षको लागि अपमानजस्तै हो । एउटा उपनिवेशले जस्तै अमेरिकाबाट तेल किन्ने 'अनुमति' लिनुपर्ने स्थिति झन्डै आठ दशक लामो भारतीय स्वतन्त्रताको मानमर्दन हो । ट्रम्पलाई घर जाऊ भन्नुपर्ने बेला उनको 'अनुमति' स्वीकार्ने भारतको वर्तमान सरकार देशकै कलङ्क हो ।)* तर, ट्रम्पले दिएको 'अनुमति' पनि एक महिनालाई मात्र हो । त्यसपछि माथि चर्चा गरिएको बाटोमा भारत पनि जानुपर्नेछ । त्यसैले, चुपचाप बस्नु र इरानमाथि अमेरिका-इजरायलको आक्रमणको विरोध नगर्नु भारतका लागि पूर्णत: आत्मघाती छ ।

इरानले हर्मुज नाका बन्द गर्नु एउटा सन्देश पनि हो । नाका बन्द हुँदा तेलको भाउ बढेको छ र यसको प्रत्यक्ष मार दक्षिणी गोलार्द्धका देशहरूले पनि भोग्दै छन् । हर्मुज नाका बन्द गरेर इरान दक्षिणी गोलार्द्धका देशहरूले युद्धको विरोध गरून् भन्ने चाहन्छ । इरानविरुद्धको युद्ध ती देशहरूविरुद्धको युद्ध पनि हो भनी मनाउन चाहन्छ । यो युद्धले इरानमा मात्र होइन, ती देशमा पनि कष्ट थपिने हुनाले तिनीहरू चुप लागेर बस्नु हुँदैन भनी सन्देश दिन चाहन्छ । इरानका सैन्य कमान्डरहरूले तेलको भाउ प्रतिब्यारेल २०० डलरसम्म पुग्ने अनुमान गरेका छन् । त्यो स्थितिमा विश्वभरि सर्वसाधारण जनता मर्माहत हुनेछन् । साम्राज्यवादी आक्रमण तत्काल बन्द गराउन केही गरिएन भने खासगरी तेस्रो विश्वका जनताको ढाड भाँचिनेछ ।

तेस्रो विश्वका देशहरूको मौनता अर्को अर्थमा अझ महँगो साबित हुनेछ । युद्धका कारण मुद्रास्फीतिजन्य मन्दी उत्पन्न भएको खण्डमा अमेरिकाभित्र ट्रम्पका विरुद्ध जनआक्रोश बढ्नेछ । यसै पनि उनको देशमा जनताबिच ट्रम्प अलोकप्रिय बन्दै छन् । जनआक्रोश चर्केको स्थितिमा ट्रम्पले इरानविरुद्ध निर्णायक आणविक हतियार प्रयोग गरेर तुरुन्तै युद्धको अवधि छोट्याउने बाटो लिन सक्छन् । अर्को देशविरुद्ध आणविक हतियार प्रयोग गर्ने संसारको एकमात्र देश अहिलेसम्म अमेरिका नै हो । चर्चित अमेरिकी अर्थविद् जेम्स गालब्रिथको भनाइअनुसार इतिहासमा महाप्रलय हुनसक्ने सम्भावना देखाएर कम्तीमा तीनपल्ट अमेरिकालाई आणविक हतियार प्रयोग गर्नबाट रोकिएको थियो । *(द डेल्फी इनिसियटिम, मार्च ९)* अमेरिकी सरकारविरुद्ध संसार अडिग भएर उभिएन भने; अमेरिकाले सुरु गरेको यो युद्धविरुद्ध विश्वका जनता एकजुट भएनन् भने; अन्तर्राष्ट्रिय कानुन मिच्ने अमेरिकी सनकको तिनले निन्दा गरेनन् भने आणविक युद्ध गर्ने अमेरिकाको त्यो जमजमाहटले साँच्चै साकार रूप लिनेछ ।

*(प्रभात पटनायक भारतीय अर्थविद् र राजनीतिक विश्लेषक हुन् । विश्वको अर्थराजनीतिबारे उनले लेखेका पुस्तकहरू विश्व प्रसिद्ध छन् ।)*

**स्रोत : एमआर अनलाइन । सम्यक**

*इरानले हर्मुज नाका बन्द गर्नु एउटा सन्देश पनि हो । नाका बन्द हुँदा तेलको भाउ बढेको छ र यसको प्रत्यक्ष मार दक्षिणी गोलार्द्धका देशहरूले पनि भोग्दै छन् । हर्मुज नाका बन्द गरेर इरान दक्षिणी गोलार्द्धका देशहरूले युद्धको विरोध गरून् भन्ने चाहन्छ । इरानविरुद्धको युद्ध ती देशहरूविरुद्धको युद्ध पनि हो भनी मनाउन चाहन्छ । यो युद्धले इरानमा मात्र होइन, ती देशमा पनि कष्ट थपिने हुनाले तिनीहरू चुप लागेर बस्नु हुँदैन भनी सन्देश दिन चाहन्छ । इरानका सैन्य कमान्डरहरूले तेलको भाउ प्रतिब्यारेल २०० डलरसम्म पुग्ने अनुमान गरेका छन् । त्यो स्थितिमा विश्वभरि सर्वसाधारण जनता मर्माहत हुनेछन् । साम्राज्यवादी आक्रमण तत्काल बन्द गराउन केही गरिएन भने खासगरी तेस्रो विश्वका जनताको ढाड भाँचिनेछ ।*



# स्ट्रेट अफ हर्मुजमा साम्राज्यको अवनति इरान युद्ध अमेरिकाको आफ्नै ‘स्वेज सङ्कट’

✍ अल्फ्रेड डब्लु. म्याककोय

*ह्वाइट हाउसले हालैका अमेरिकी हवाई आक्रमणका बारेमा मिडियामा जतिसुकै प्रचार गरे पनि, युद्धको पहिलो हप्तामा इरान (जुन पश्चिमी युरोपको दुईतिहाइ आकारको छ) विरुद्ध गरिएका ३,००० अमेरिकी-इजरायली बमबारीहरू दोस्रो विश्वयुद्धका क्रममा युरोपमा गरिएका १४,००,००० बमबारी उडानहरूको तुलनामा फिक्का देखिन्छन् । यी सङ्ख्याहरूबिचको ठुलो भिन्नताले रणनीतिक दृष्टिकोणबाट इरानमाथिको वर्तमान अमेरिकी हवाई आक्रमण ‘हात्तीलाई सानो बन्दुक (बी.बी. गन) ले हाने जस्तो’ देखिन्छ ।*

मार्क ट्वेनले सन् १८७४ को आफ्नो उपन्यास ‘द गिल्डेड एज’ (The Gilded Age) को पहिलो अध्यायमा भूतकाल र वर्तमानको सम्बन्धबारे एउटा घतलाग्दो टिप्पणी गरेका छन्, “इतिहासले आफूलाई कहिल्यै दोहोऱ्याउँदैन, तर वर्तमान प्रायः प्राचीन दन्त्यकथाहरूका फुटेका टुक्राहरूबाट बनेको जस्तो देखिन्छ ।”

इरानमा हालै भएको अमेरिकी हस्तक्षेपको सम्भावित परिणाम बुझ्न सबैभन्दा उपयोगी ‘प्राचीन दन्त्यकथा’ मध्ये एक सन् १९५६ को स्वेज सङ्कट (Suez Crisis) हो, जसको वर्णन मैले मेरो नयाँ पुस्तक ‘कोल्ड वार अन फाइभ कन्टिनेन्ट्स’ (Cold War on Five Continents) मा गरेको छु । जुलाई १९५६ मा इजिप्टका नेता गमाल अब्देल नासिरले स्वेज नहरको राष्ट्रियकरण गरेपछि, छ वटा विमानवाहक जहाजसहितको संयुक्त बेलायती-फ्रान्सेली सेनाले इजिप्टको वायुसेनालाई ध्वस्त पारिदिएको थियो भने इजरायली सेनाले सिनाई प्रायःद्वीपको बालुवामा इजिप्टका ट्याङ्कहरूलाई चकनाचुर पारेका थिए । युद्ध सुरु भएको एक हप्ताभित्रै नासिरले आफ्ना रणनीतिक शक्तिहरू गुमाएका थिए र त्यो विशाल साम्राज्यवादी शक्ति (जगरनट) को अगाडि इजिप्ट असहायजस्तै देखिएको थियो ।

तर, जबसम्म एङ्ग्लो-फ्रान्सेली सेना स्वेज नहरको उत्तरी किनारमा ओर्लियो, नासिरले नहरको उत्तरी प्रवेशद्वारमा ढुङ्गा भरिएका दर्जनौँ पुराना जहाजहरू डुबाएर एउटा भू-राजनीतिक चाल चलिसकेका थिए । यसो गरेर उनले पर्सियन खाडीका तेलखानीहरूसँग युरोपको सम्पर्क विच्छेद गरिदिए । बेलायती सेना स्वेजबाट पराजित भएर फर्किँदासम्म संयुक्त राष्ट्रसङ्घले बेलायतमाथि प्रतिबन्ध लगाइसकेको थियो, उसको मुद्रा पतनको सङ्घारमा थियो, साम्राज्यवादी शक्तिको आभा समाप्त भइसकेको थियो र उसको विश्वव्यापी साम्राज्य विलुप्त हुने दिशामा अघि बढिरहेको थियो ।

अहिलेको अवस्थामा आफ्नो घट्दो साम्राज्यवादी महिमा फिर्ता पाउनका लागि मरणासन्न साम्राज्यले गर्ने हतास सैन्य हस्तक्षेपलाई इतिहासकारहरू ‘माइक्रो-मिलिटारिज्म’ (micro-militarism) भन्ने गर्छन् । विशाल युरेसियाली भूभागमा वासिङटनको प्रभाव घट्दै गएको परिप्रेक्ष्यमा, इरानमाथि हालैको अमेरिकी सैन्य आक्रमण ठ्याक्कै त्यस्तै ‘माइक्रो-मिलिटारिज्म’ को अमेरिकी संस्करणजस्तो देखिन थालेको छ ।

हुन त इतिहासले आफूलाई हुबहु कहिल्यै दोहोऱ्याउँदैन, तर अहिलको अवस्थामा इरानमा भइरहेको अमेरिकी हस्तक्षेप वास्तवमै अमेरिकाको ‘स्वेज सङ्कट’ हो कि भनेर सोच्नु सान्दर्भिक देखिन्छ । यदि तेहरानमा सत्ता परिवर्तन गर्ने वासिङटनको प्रयास कुनै किसिमले ‘सफल’ भइहाले पनि, त्यसको परिणाम स्वरूप एउटा स्थिर नयाँ सरकार बन्नेछ र त्यसले आफ्ना जनताको सेवा गर्नेछ भनेर क्षणभङ्गुरका लागि पनि नसोचे हुन्छ ।

**सत्ता परिवर्तनको ७० वर्ष**

इरानमा सत्ता परिवर्तन (Regime Change) बाट निस्कन सक्ने सम्भावित परिणामहरू बुझ्नका लागि इतिहासका पानाहरूतिर फर्कौँ । विगत ७० वर्षमा वासिङटनले पाँचवटै महाद्वीपमा पटक-पटक सत्ता परिवर्तनको प्रयास गरेको छ- सुरुमा शीतयुद्धको ४४ वर्षको दौरान सीआईएको गोप्य कारबाहीमार्फत र त्यो विश्वव्यापी द्वन्द्व समाप्त भएपछिका दशकहरूमा परम्परागत सैन्य कारबाहीमार्फत । यद्यपि, माध्यमहरू परिवर्तन भएका छन्, तर परिणामहरू भने दुःखद रूपमा उस्तै छन् - प्रभावित समाजहरूलाई दशकौँसम्म भयानक सामाजिक द्वन्द्व र निरन्तर राजनीतिक अस्थिरतामा धकेल्ने । यो ढाँचा शीतयुद्धका बेला सीआईएले गरेका केही प्रख्यात गोप्य हस्तक्षेपहरूमा देख्न सकिन्छ ।

सन् १९५३ मा इरानको नयाँ संसद्ले आफ्नो उदीयमान लोकतन्त्रको लागि सामाजिक सेवा कोष जुटाउन त्यहाँको बेलायती साम्राज्यवादी तेल सम्झौता (Oil Concession) लाई राष्ट्रियकरण गर्ने निर्णय गऱ्यो । यसको प्रतिक्रियामा, सीआईए र एमआई६ (CIA–MI६) को संयुक्त कू (Coup) ले सुधारवादी प्रधानमन्त्रीलाई अपदस्थ गऱ्यो र लामो समयदेखि पदच्युत पूर्व शाहका छोरालाई सत्तामा बसायो । इरानी जनताका लागि दुर्भाग्यवश, उनी एक अत्यन्तै अयोग्य नेता साबित भए जसले आफ्नो देशको तेलको सम्पत्तिलाई चरम गरिबीमा परिणत गरिदिए- जसले गर्दा सन् १९७९ को इरानी इस्लामिक क्रान्तिको बीउ



रोपियो ।

सन् १९५४ सम्ममा ग्वाटेमालाले एउटा ऐतिहासिक भूमिसुधार कार्यक्रम लागू गरिरहेको थियो । उसले त्यहाँका बहुसङ्ख्यक माया आदिवासी जनसङ्ख्यालाई पूर्ण नागरिकताको अधिकार प्रदान गर्दै थियो । दुर्भाग्यवश, सीआईए-प्रायोजित आक्रमणले एक क्रूर सैन्य तानाशाही स्थापना गऱ्यो । त्यसले देशलाई ३० वर्षको गृहयुद्धमा धकेल्यो र केवल ५० लाखको जनसङ्ख्यामा २ लाख मानिसको ज्यान लियो ।

त्यसैगरी, सन् १९६० मा कङ्गो शताब्दीयौँको क्रूर बेल्जियम औपनिवेशिक शासनबाट मुक्त भई एक चामत्कारिक नेता प्याट्रिस लुमुम्बालाई निर्वाचित गरेर उदायो । तर, सीआईएले चाँडै नै उनलाई सत्ताबाट हटायो र उनको ठाउँमा जोसेफ मोबुटुलाई राख्यो । ती सैन्य तानाशाहको ३० वर्षको लुटतन्त्र (Kleptocracy) ले निम्त्याएको हिंसाले दोस्रो कङ्गो युद्ध (१९९८-२००३) मा ५० लाखभन्दा बढी मानिसको मृत्यु भयो र यसको असर आजसम्म जारी छ ।

हालैका दशकहरूमा, परम्परागत सैन्य कारबाहीमार्फत सत्ता परिवर्तन गर्ने वासिङटनका प्रयासहरूबाट पनि यस्तै निराशाजनक परिणामहरू आएका छन् । सेप्टेम्बर २००१ को आतङ्कवादी हमलापछि, अमेरिकी सेनाले अफगानिस्तानमा तालिबान शासनलाई उखेलेर फाल्यो । त्यसपछिका २० वर्षमा वासिङटनले २.३ ट्रिलियन डलर (त्यो ‘ट्रिलियन’ कुनै टाइपिङ गल्ती होइन !) खर्च गऱ्यो तर त्यो राष्ट्र निर्माणको असफल प्रयास साबित भयो । अगस्ट २०२१ मा पुनरुत्थान भएको तालिबानले राजधानी काबुल कब्जा गरेपछि त्यो सबै खर्च र प्रयास बालुवामा पानी भयो र देशलाई पुनः कठोर पितृसत्ता र चरम अभावको मिश्रणमा धकेलिदियो ।

सन् २००३ मा, वासिङटनले नभएका आणविक हतियारहरूको खोजीमा इराकमाथि आक्रमण गऱ्यो र १५ वर्षे युद्धको दलदलमा फस्यो । यसले १० लाख मानिसको नरसंहार निम्त्यायो र एउटा यस्तो निरङ्कुश सरकार छोडेर गयो, जुन इरानको एउटा ‘क्लाइन्ट स्टेट’ (आश्रित राज्य) भन्दा बढी केही हुन सकेन । त्यस्तै, सन् २०११ मा, अमेरिकाले नाटो (NATO) को हवाई अभियानको नेतृत्व गर्दै लिबियामा कर्नेल मुअम्मर गद्दाफीको कट्टरपन्थी शासनलाई पल्टायो । त्यसले सात वर्ष लामो गृहयुद्ध निम्त्यायो । अन्ततः त्यो देशलाई दुईवटा परस्परविरोधी असफल राज्यमा विभाजित गरिदियो ।

जब वासिङटनका सत्ता परिवर्तनका प्रयासहरू असफल हुन्छन् (जसरी सन् १९६१ मा क्युवामा र गत वर्ष भेनेजुयलामा भएका थिए), त्यो असफलताले प्रायः निरङ्कुश शासनलाई अझ बढी मजबुत बनाउँछ । उनीहरूको गुप्तचर प्रहरीमाथिको नियन्त्रण अझ कडा हुन्छ र देशको अर्थतन्त्रमा उनीहरूको कब्जा झन् कसिन्छ ।

तपाईंलाई लाग्न सक्छ, यस्ता अमेरिकी हस्तक्षेपहरूले किन सधैँ यति निराशाजनक नतिजाहरू मात्र निकाल्छन् ? अस्थिर राजनीतिक परिवर्तनका बिच नाजुक सामाजिक स्थिरता कायम गर्न सङ्घर्ष गरिरहेका समाजहरूका लागि बाह्य हस्तक्षेप (चाहे त्यो गोप्य होस् वा खुला) एउटा पुरानो पकेट घडीलाई हथौडाले हिर्काउनु र फेरि त्यसका सबै गियर र स्प्रिङहरूलाई जबरजस्ती पुरानै ठाउँमा कोच्न खोज्नुजस्तै हो ।

**इरान युद्धको भू-राजनीतिक परिणामहरू**

इरानमा वासिङटनको पछिल्लो हस्तक्षेपका भू-राजनीतिक असरहरूलाई नियाल्ने हो भने, राष्ट्रपति डोनाल्ड ट्रम्पको यो ‘इच्छाको युद्ध’ ( War of choice) कसरी वासिङटनको आफ्नै स्वेज सङ्कट बन्न सक्छ भन्ने अनुमान गर्न सकिन्छ ।

सन् १९५६ मा इजिप्टले स्वेज नहर बन्द गरेर सैन्य पराजयको मुखबाट कूटनीतिक विजय खोसे जसरी नै इरानले अहिले हर्मुज जलडमरू ( जहाँबाट विश्वको २० प्रतिशत कच्चा तेल र प्राकृतिक ग्यास ओसारपसार हुन्छ) मा पाँचवटा मालवाहक जहाज र पर्सियन खाडीको दक्षिणी किनारमा रहेका पेट्रोलियम रिफाइनरीहरूमा आफ्ना ‘शाहेद’ ड्रोनहरू प्रहार गरेर मध्यपूर्वको अर्को महत्त्वपूर्ण घाँटी (Choke point) थुनिदिएको छ ।

इरानको ड्रोन आक्रमणले पर्सियन खाडीबाट हुने ९० प्रतिशतभन्दा बढी ट्याङ्करहरूको प्रस्थानलाई रोकिदिएको छ र विश्वको २० प्रतिशत तरल प्राकृतिक ग्यास (LNG) उत्पादन गर्ने कतारका विशाल रिफाइनरीहरू बन्द गरिदिएको छ । यसले गर्दा विश्वका धेरै भागमा प्राकृतिक ग्यासको मूल्य ५० प्रतिशतले र एसियामा ९१ प्रतिशतले आकाशिएको छ । अमेरिकामा पेट्रोलको मूल्य प्रतिग्यालन ४ डलर पुग्ने तरखरमा छ भने तेलको मूल्य निकट भविष्यमा प्रतिब्यारेल १५० डलर पुग्ने देखिन्छ । यसबाहेक, प्राकृतिक ग्यासलाई मलमा रूपान्तरण गरिने हुनाले, पर्सियन खाडी विश्वको झण्डै आधा कृषि पोषक तत्त्वहरूको स्रोत हो । इजिप्टजस्ता बजारहरूमा युरिया मलको मूल्य ३७ प्रतिशतले बढेको छ, जसले उत्तरी गोलार्द्धमा वसन्त ऋतुको खेती र दक्षिणी गोलार्द्धमा खाद्य सुरक्षा दुवैलाई सङ्कटमा पारेको छ ।

पर्सियन खाडीमा पेट्रोलियम उत्पादन, अन्तर्राष्ट्रिय ढुवानी र पुँजी लगानीको असाधारण केन्द्रीकरणले हर्मुज जलडमरूलाई तेल र प्राकृतिक ग्यासको प्रवाहका लागि मात्र नभई सम्पूर्ण विश्व अर्थतन्त्रको पुँजी परिचालनका लागि एउटा मुख्य अवरोधक बिन्दु (Choke point) बनाएको छ । आधारभूत तथ्यबाट सुरु गर्ने हो भने, पर्सियन खाडीमा विश्वको प्रमाणित तेल भण्डारको लगभग ५० प्रतिशत हिस्सा छ, जुन अनुमानित ८५९ अर्ब ब्यारेल हो वा वर्तमान मूल्यमा झन्डै ८६ ट्रिलियन डलर ।

यस क्षेत्रको पूर्वाधारमा पुँजी केन्द्रीकरणको मापन बुझ्नका लागि, खाडी सहयोग परिषद् (GCC) का राष्ट्रिय तेल कम्पनीहरूले सन् २०२५ मा मात्रै आफ्ना उत्पादन सुविधाहरूमा १२५ अर्ब डलर लगानी गरेका थिए र निकट भविष्यमा पनि सोही दरमा लगानी जारी राख्ने योजना छ । मुख्यतया पर्सियन खाडीमा सेवा दिने ७,५०० जहाजको विश्वव्यापी तेल ट्याङ्कर बेडाहरूलाई सञ्चालनमा राख्न, एउटै ठुलो ‘स्वेजम्याक्स’ (Suezmax) ट्याङ्करका लागि झन्डै १०० मिलियन डलर खर्च हुन्छ । तीमध्ये लगभग ९०० वटा ट्याङ्करहरू सामान्यतया समुद्रमा हुन्छन्, जसको कुल मूल्य ९० अर्ब डलर हुन्छ (कठोर समुद्री अवस्थामा स्टिलको क्षयका कारण यी जहाजहरू बारम्बार फेरिरहनुपर्छ) । यसबाहेक, दुबईमा विश्वकै सबैभन्दा व्यस्त अन्तर्राष्ट्रिय विमानस्थल छ । उक्त विमानस्थल वार्षिक ४,५०,००० उडानहरू हुने विश्वव्यापी सञ्जालको केन्द्र हो - यो अहिले इरानी ड्रोन आक्रमणका कारण बन्द भएको छ ।

ह्वाइट हाउसले हालैका अमेरिकी हवाई आक्रमणका बारेमा मिडियामा जतिसुकै प्रचार गरे पनि, युद्धको पहिलो हप्तामा इरान (जुन पश्चिमी युरोपको दुईतिहाइ आकारको छ) विरुद्ध गरिएका ३,००० अमेरिकी-इजरायली बमबारीहरू दोस्रो विश्वयुद्धका क्रममा युरोपमा गरिएका १४,००,००० बमबारी उडानहरूको तुलनामा फिक्का देखिन्छन् । यी सङ्ख्याहरूबिचको ठुलो भिन्नताले रणनीतिक दृष्टिकोणबाट इरानमाथिको वर्तमान अमेरिकी हवाई आक्रमण ‘हात्तीलाई सानो बन्दुक (बी.बी. गन) ले हाने जस्तो’ देखिन्छ । यसबाहेक, अमेरिकासँग करिब ४,००० इन्टरसेप्टर मिसाइलहरूको सीमित भण्डार छ, जसको प्रतिमिसाइल लागत १२ मिलियन डलरसम्म पर्छ र यिनलाई ठुलो सङ्ख्यामा छिटो उत्पादन गर्न सकिँदैन । यसको विपरीत, इरानसँग करिब ८०,००० ‘शाहेद’ ड्रोनहरूको लगभग असीमित आपूर्ति छ, जसमध्ये १०,००० वटा त उसले प्रतिमहिना मात्र २०,००० डलर प्रतिगोटाको लागतमा उत्पादन गर्न सक्छ । वास्तवमा, यदि यो युद्ध केही हप्ताभन्दा बढी लम्बियो भने समय वासिङटनको पक्षमा हुने छैन ।

वास्तवमा, हालैको एउटा अन्तर्वार्तामा, इरानको सुस्त र कम उचाइमा उड्ने शाहेद ड्रोनहरूको विशाल बेडाहरूले चाँडै नै अमेरिकाको परिष्कृत इन्टरसेप्टर मिसाइलहरूको मौज्दात सिध्याउन सक्ने सम्भावनाबारे सोधिएको प्रश्नमा पेन्टागनका नेता जनरल ड्यान केनले अचम्मलाग्दो गरी पन्छिँदै भने, “म सङ्ख्याका बारेमा कुरा गर्न चाहन्नँ ।”

**कसको सेना मैदानमा ?**

आर्थिक र सैन्य दबाबले युद्ध छोटो बनाउन बाध्य पारिरहँदा, वासिङटनले इरानको करिब ४० प्रतिशत जनसङ्ख्या ओगट्ने जातीय अल्पसङ्ख्यकहरूलाई परिचालन गरेर आफ्नो सेनालाई किनारमा उतार्नबाट जोगिने प्रयास गरिरहेको छ । पेन्टागनलाई मौन तर पीडादायी रूपमा के थाहा छ भने, अमेरिकी स्थल सेनाले १० लाख बलियो ‘बसिज’ (Basij) मिलिसिया, १,५०,००० रिभोलुसनरी गार्ड्स (जो छापामार

***बाँकी पृष्ठ ७ मा***




दक्षिण कोरियाको राजधानी सियोलस्थित अमेरिकी राजदूतावासअगाडि इरानमाथिको अमेरिकी र इजरायली युद्धको विरोधमा धर्ना प्रदर्शन गर्दै नागरिक समूहका सदस्यहरू मार्च १८, २०२६ का दिन। प्रदर्शनकारीहरूले युद्ध बन्द गर, आक्रमण अन्त्य गर र इरानमाथिको अमेरिकी हस्तक्षेप बन्द गर लेखिएका ब्यानर र पेपर प्रिन्ट बोकेका थिए। *तस्बिर : एपी/ली जिन म्यान*

# द्वन्द्वका कारण विस्थापन र भोकमरी दुवै बढ्दै : संयुक्त राष्ट्र

न्यूयोर्क, १८ मार्च (सिन्हवा)। मध्यपूर्वमा बढ्दो द्वन्द्वका कारण विश्वभरि भोकमरीको समस्या झन् गम्भीर बन्ने जोखिम रहेको संयुक्त राष्ट्रसङ्घले चेतावनी दिएको छ।

संयुक्त राष्ट्रसङ्घअन्तर्गत विश्व खाद्य कार्यक्रमले सन् २०२६ सम्म विश्वमा तीव्र खाद्य अभाव झेल्ने मानिसहरूको सङ्ख्या नयाँ रेकर्डमा पुग्न सक्ने जनाएको छ। द्वन्द्व लम्बिँदै गएमा थप करिब ४ करोड ५० लाख मानिस खाद्य असुरक्षामा पर्न सक्ने अनुमान गरिएको छ।

विशेषज्ञहरूका अनुसार होर्मुज जलडमरुमा अवरोध सिर्जना हुँदा तेल ढुवानीमात्र होइन, मल बोकेका जहाजहरूको आवतजावत पनि प्रभावित भएको छ, जसले खाद्य उत्पादनमा प्रत्यक्ष असर पारिरहेको छ।

संयुक्त राष्ट्रसङ्घले प्रभावित क्षेत्रमा खाद्यान्न, पानी, आश्रय तथा स्वास्थ्य सेवा उपलब्ध गराउने प्रयास तीव्र बनाएको जनाएको छ। लेबनानमा लाखौँ मानिसलाई तातो खाना, अत्यावश्यक सामग्री र सफा पानी वितरण गरिएको छ।

यसैबिच, विस्थापनका कारण १० लाखभन्दा बढी मानिस घर छाड्न बाध्य भएका छन्, जसमा करिब ३ लाख बालबालिका रहेका छन्। धेरैजसो प्रभावितहरू सार्वजनिक आश्रयस्थल बाहिर नै बस्न बाध्य छन्।

स्वास्थ्य क्षेत्रमा पनि गम्भीर असर परेको छ। आक्रमणका कारण स्वास्थ्यकर्मीहरू मारिनुका साथै अस्पताल तथा स्वास्थ्य पूर्वाधारमा क्षति पुगेको छ।

संयुक्त राष्ट्रसङ्घले द्वन्द्वरत पक्षहरूलाई अन्तर्राष्ट्रिय मानवीय कानुनको पालना गर्न र सर्वसाधारण नागरिक तथा सहयोगकर्मीहरूको सुरक्षा सुनिश्चित गर्न आग्रह गरेको छ।

मध्यपूर्वमा जारी द्वन्द्वले विश्व अर्थतन्त्रसँगै खाद्य सुरक्षामा समेत गम्भीर चुनौती खडा गरेको देखिएको छ।

# मध्यपूर्व तनावले विश्व बजार प्रभावित

पेरिस, १८ मार्च (एएफपी)। मध्यपूर्वमा जारी युद्धले अब प्रत्यक्ष रूपमा विश्व अर्थतन्त्रमा असर पार्न थालेको छ, जसले ऊर्जा बजारदेखि वित्तीय नीतिसम्म दबाब सिर्जना गरेको छ। तेल आपूर्ति, मूल्य अस्थिरता र अन्तर्राष्ट्रिय व्यापार मार्गमा अवरोधका कारण विश्वभर आर्थिक अनिश्चितता बढ्दै गएको देखिएको छ।

बुधबार तेल बजारमा उतारचढाव देखियो। इरानले तेल उत्पादक छिमेकी देशहरूलाई लक्षित गरी आक्रमण गरेपछि अघिल्लो दिन बढेको मूल्य घट्दै वेस्ट टेक्सास इन्टरमिडियेट करिब ९३ डलर आसपास झर्दा तीन प्रतिशतभन्दा बढी घट्यो भने ब्रेन्ट कच्चा तेल पनि दुई प्रतिशतभन्दा बढीले ओरालो लाग्यो। यद्यपि, विश्लेषकहरूले होर्मुज जलडमरूमा थप तनाव बढे विश्व ऊर्जा लागत तीव्र रूपमा बढ्न सक्ने चेतावनी दिएका छन्, किनकि यही मार्गबाट विश्वको करिब पाँचौं हिस्सा तेल र ग्यास आपूर्ति हुन्छ।

ऊर्जा आपूर्तिमा जोखिम बढेपछि वैकल्पिक व्यवस्थातर्फ देशहरू अग्रसर भएका छन्। दक्षिण कोरियाले होर्मुज मार्ग प्रयोग नगरी संयुक्त अरब इमिरेट्सबाट थप एक करोड ८० लाख ब्यारेल तेल ल्याउने निर्णय गरेको छ। राष्ट्रपति कार्यालयका प्रमुखले विविध आपूर्ति च्यानल प्रयोग गरिने जानकारी दिनुभएको छ, यद्यपि मार्गबारे विस्तृत विवरण सार्वजनिक गरिएको छैन। दक्षिण कोरियाको करिब ७० प्रतिशत तेल आयात सामान्यतया यही जलडमरू हुँदै आउने गर्दछ।

इरानले पनि जलमार्ग नियन्त्रणलाई कडाइ गर्दै मित्र राष्ट्रका जहाजहरूलाई मात्र प्राथमिकता दिइरहेको सङ्केत देखिएको छ। इराकले आफ्ना केही तेल ट्याङ्करहरू होर्मुज हुँदै पठाउन इरानसँग समन्वय गरिरहेको जनाएको छ। यसैबिच इरानी संसद्का अध्यक्ष मोहम्मद बाघेर घालीबाफले यो जलडमरू अब पहिलेको जस्तो सामान्य अवस्थामा फर्किन नसक्ने चेतावनी दिनुभएको छ।

युद्धको प्रभावबारे इरानी विदेशमन्त्री अब्बास अराघचीले विश्वव्यापी असर पर्ने स्पष्ट पार्नुभएको छ। उहाँका अनुसार सुरु भएको प्रतिक्रिया लहरले सबै मुलुक र वर्गलाई प्रभावित पार्नेछ।

होर्मुज जलडमरूमध्यमा तेल ढुवानी सुरक्षित गर्न युद्धपोत पठाउने डोनाल्ड ट्रम्पको आग्रहलाई धेरै देशहरूले अस्वीकार गरेका छन्। फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनले स्थिति शान्त भएपछि मात्र सहयोग गर्न सकिने सङ्केत गर्नुभएको छ।

युद्धको असर युरोपसम्म पुगेको छ। जर्मनीले ऊर्जा कम्पनीहरूले सङ्कटको फाइदा उठाएर पेट्रोलियम मूल्य कृत्रिम रूपमा बढाएको हुनसक्ने आशङ्कामा निगरानी कडा गर्ने जनाएको छ। युरोपकै ठूलो अर्थतन्त्र जर्मनीमा लगानीकर्ताको मनोबल करिब एक वर्षयताकै न्यून स्तरमा झरेको सर्वेक्षणले देखाएको छ।

संयुक्त अरब इमिरेट्सको फुजैराह तेल परिसरमा भएको ड्रोन आक्रमणले आपूर्ति संरचनामा थप जोखिम देखाएको छ। उक्त क्षेत्रमा आगलागी भए पनि मानवीय क्षति नभएको जनाइएको छ, तर केही समयका लागि तेल लोडिङ प्रभावित भएको बताइएको छ। यो सुविधा होर्मुज मार्गलाई बाइपास गर्ने महत्त्वपूर्ण केन्द्र मानिन्छ।

इन्धन मूल्यको चापले मौद्रिक नीतिमा पनि असर पारेको छ। अस्ट्रेलियाको केन्द्रीय बैङ्कले उच्च इन्धन मूल्यलाई ध्यानमा राख्दै आफ्नो ब्याजदर ०.२५ प्रतिशतले बढाएर ४.१० प्रतिशत पुऱ्याएको छ। यसले युद्धका कारण उत्पन्न महँगी दबाबलाई नियन्त्रण गर्ने प्रयास झल्काउँछ।

एसियामा भने प्रत्यक्ष प्रभाव झन् स्पष्ट देखिएको छ। थाइल्यान्डमा पेट्रोल अभाव र मूल्य वृद्धिको डरले राजधानी बैङ्ककदेखि चियाङ राईसम्म सवारी चालकहरू लामबद्ध भएका छन्। सरकारले डिजेल मूल्यमा सीमा तोके पनि आगामी दिनमा मूल्य तीव्र रूपमा बढ्ने चिन्ता बढिरहेको छ।

हवाई क्षेत्रमा पनि असर पर्न थालेको छ। जेट इन्धन महँगिएसँगै एयरलाइन्सहरू दबाबमा परेका छन्। केही अमेरिकी कम्पनीहरूले चुनौती बढ्ने बताएका छन् भने स्क्यान्डिनेभियन एयरलाइन्स एसएएसले अप्रिलमा कम्तीमा एक हजार उडान रद्द गर्ने निर्णय गरेको छ।

समग्रमा, मध्यपूर्वको युद्धले अब केवल सैन्य द्वन्द्वमा सीमित नरही विश्व अर्थतन्त्रलाई गहिरो रूपमा प्रभावित पार्ने चरणमा प्रवेश गरेको देखिएको छ।

# गाजामा इजरायली आक्रमण हमासका कमान्डर मारिएको दाबी

यरुशलम, १८ मार्च (सिन्हवा)। इजरायली सेनाले गाजामा गरिएको लक्षित आक्रमणमा हमासका एक वरिष्ठ नौ सैनिक कमाण्डर मारिएको दाबी गरेको छ।

इजरायल रक्षा बल र आन्तरिक सुरक्षा निकायले संयुक्त रूपमा जारी गरेको वक्तव्यअनुसार उत्तरी गाजा क्षेत्रमा कार्यरत हमासको नौसैनिक एकाइका कमाण्डर युनुस मोहम्मद हुसेन अलियान सोमबार गरिएको आक्रमणमा मारिएका हुन्। उहाँ नौसैनिक बलको सञ्चालन, तालिम तथा हतियार तयारीको जिम्मेवारीमा रहेका बताइएको छ।

वक्तव्यमा हालका हप्ताहरूमा उहाँले आफ्नो एकाइको क्षमता पुनःनिर्माण गर्दै सम्भावित आक्रमणको योजना बनाइरहेको आरोप लगाइएको छ। आक्रमणका क्रममा सर्वसाधारणलाई क्षति नहोस् भनेर सावधानी अपनाइएको पनि जनाइएको छ।

यसैबिच, प्यालेस्टिनी रेड क्रिसेन्ट र स्थानीय स्वास्थ्य स्रोतका अनुसार दक्षिणी गाजाको अल-मवासी क्षेत्रमा मङ्गलबार गरिएको हवाई आक्रमणमा ३ जना प्यालेस्टिनीको मृत्यु भएको छ भने १४ जना घाइते भएका छन्।

गाजाको स्वास्थ्य निकायका अनुसार सन् २०२३ अक्टोबर ७ यता सो क्षेत्रमा मृत्यु हुनेको सङ्ख्या ७२ हजार २४९ पुगेको छ भने १ लाख ७१ हजार ८९८ जना घाइते भएका छन्। क्षेत्रीय द्वन्द्व अझै चर्किँदै गएको देखिएको छ।

## सङ्क्षिप्त समाचार

# क्युबाविरुद्ध कारबाही गर्ने ट्रम्पको धम्की

वासिङ्टन, १८ मार्च (क्यूएनए)। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भेनेजुयलाबाट तेल निर्यात रोकिएपछि बढ्दो विद्युत् सङ्कटको सामना गरिरहेको अवस्थामा क्युबाको सरकारविरुद्ध तत्काल कारबाही गर्ने धम्की दिएका छन्।

अमेरिकी राष्ट्रपति ट्रम्प र विदेशमन्त्री मार्को रुबियोले टिप्पणी गर्दै अमेरिकाले क्युबामा आफ्नो प्रभाव विस्तार गर्न सक्ने धम्की दिएका हुन्।

हालको विषम परिस्थितिले वासिङ्टनलाई क्युबामाथि चाँडै कारबाही गर्न प्रेरित गरिरहेको आधारहीन दाबी गर्दै उनीहरूले टापुले सामना गरिरहेको अत्यन्त कठिन परिस्थितिमाथि उपहास गरेका छन्।

क्युबाका राष्ट्रपति मिगुएल डियाज-क्यानेलले उक्त टिप्पणीलाई आफ्नो देशविरुद्धको अमेरिकी धम्कीको रूपमा आलोचना गर्दै सामाजिक सञ्जाल एक्समार्फत क्युबाले जस्तोसुकै अवस्थामा पनि आक्रमणको कडा प्रतिरोध गर्ने बताउनुभएको छ।

# विश्व स्वास्थ्य सङ्गठनबाट बाहिरियो अर्जेन्टिना

ब्युनोस आयर्स, १८ मार्च (सिन्हवा)। संरा अमेरिकालाई पछ्याउँदै दक्षिणपन्थी राष्ट्रपति ज्याभियर मिलेइको अर्जेन्टिनाले विश्व स्वास्थ्य सङ्गठनबाट औपचारिक रूपमा फिर्ता लिएको छ। परराष्ट्रमन्त्री पाब्लो क्विर्नोले मङ्गलबार सामाजिक सञ्जालमा जानकारी दिनुभएको छ।

उहाँका अनुसार यो निर्णय १७ मार्च सन् २०२५मा संयुक्त राष्ट्र सङ्घको महासचिवलाई पठाइएको पत्रमार्फत जानकारी गराइएको थियो। भियना सन्धिअनुसार नोटिफिकेसनको एक वर्षपछि यो फिर्ता औपचारिक रूपमा लागू भएको हो।

क्विर्नोले भन्नुभयो, "हाम्रो देश स्वास्थ्य क्षेत्रमा अन्तर्राष्ट्रिय सहयोगलाई द्विपक्षीय सम्झौता र क्षेत्रीय फोरममार्फत अघि बढाउने छ, तर स्वास्थ्य नीतिहरू निर्धारण गर्ने हाम्रो सार्वभौमिक अधिकार र स्वतन्त्रता पूर्ण रूपमा सुरक्षित रहनेछ।"

अर्जेन्टिनी सरकारले सन् २०२५ मार्चमा यो निर्णय घोषणा गरेको थियो। राष्ट्रपतिका प्रवक्ताले त्यतिबेला जानकारी दिँदै भन्नुभयो, "राष्ट्रपति ज्याभियर मिलेइले परराष्ट्रमन्त्रीलाई यस अन्तर्राष्ट्रिय निकायबाट देशको सहभागिता फिर्ता लिन निर्देशन दिनुभएको छ।"

"यो निर्णयले देशलाई आवश्यक सन्दर्भअनुसार नीति निर्माण गर्न लचिलोपन दिनेछ, स्रोतको उपलब्धता बढाउनेछ र स्वास्थ्यसम्बन्धी मामिलामा सार्वभौमिकता सुनिश्चित गर्ने हाम्रो मार्गलाई पुष्टि गर्नेछ।"

# मध्यपूर्वमा युक्रेनको सक्रियता बढ्दो, २०१ सैन्य विज्ञ तैनाथ

लण्डन, १८ मार्च (सिन्हवा)। युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले मध्यपूर्वका विभिन्न देशहरूमा २०१ जना 'एन्टि-ड्रोन' सैन्य विज्ञ तैनाथ गरिएको जानकारी दिएका छन्। उनले बेलायती संसद्मा बोल्दै युक्रेनले 'शाहेद ड्रोन' को सामना गर्न सक्ने दक्ष जनशक्ति पठाएको दाबी गरे।

जेलेन्स्कीका अनुसार ती विशेषज्ञ टोलीहरू अहिले संयुक्त अरब इमिरेट्स, कतार, साउदी अरेबिया मा पुगिसकेका छन् भने कुवेततर्फ जाने क्रममा छन्। साथै थप ३४ जना विशेषज्ञ पनि पठाउन तयारी अवस्थामा रहेको उनले बताए।

यसैबिच, संयुक्त राज्य अमेरिका र इजरायलले इरान माथि ठूलो आक्रमण गरेपछि क्षेत्रीय तनाव चुलिएको छ। इरानले प्रतिकारस्वरूप आक्रमण गरेपछि होर्मुज जलडमरु हुँदै हुने जहाज आवतजावतमा समेत प्रभावित भएको छ।

इरानी सांसद इब्राहिम अजीजीले सामाजिक सञ्जालमार्फत युक्रेन अमेरिकी-इजरायली युद्धमा संलग्न भएकाले अब इरानको निशानामा परेको बताउनुभएको छ। उहाँले संयुक्त राष्ट्रसङ्घको प्रावधानअनुसार युक्रेनलाई 'वैध लक्ष्य' बनाइएको दावी गर्नुभयो। क्षेत्रीय द्वन्द्व थप चर्किने सङ्केत देखिएको छ।

# भारतमा आगलागी, ७ जनाको मृत्यु

नयाँदिल्ली, १८ मार्च (सिन्हवा)। भारतको मध्य प्रदेशको एउटा घरमा बुधबार आगलागी हुँदा कम्तिमा सात जनाको मृत्यु भएको प्रहरीले पुष्टि गरेको छ।

आगलागीको घटनामा केही व्यक्तिहरू घाइते भएको पुटि गर्दै एक दम्पतीको अवस्था गम्भीर रहेको प्रहरीले बताइएको छ।

दुर्घटना मध्य प्रदेशको इन्दौर सहरमा स्थानीय समयअनुसार बिहान करिब चार बजे भएको हो। अगि नियन्त्रकहरूले आगो नियन्त्रणमा लिए पछि घटनास्थलबाट सात जनाको शवको बरामद गरेको गर्नुका साथै घाइतेहरूलाई उपचारको लागि अस्पतालमा भर्ना गरिएको जनाइएको छ।

प्रहरीका अनुसार विद्युतीय कारको चार्जरमा सर्किट सर्ट भएका कारण आगलागी भएको हो।

विस्फोट हुँदा नजिकै राखिएका पेट्रोलियम सिलिन्डरमा आगलागि हुँदा घरभित्र छिट्टै आगो फैलिएको जनाइएको छ।

# तरकारीखेतीले चिनिँदै बाह्रदशीको राधानगर गाउँ

✍ दिपक चन्द

भद्रपुर (झापा) । झापाको बाह्रदशी गाउँपालिका-३ स्थित 'राधानगर' गाउँ तरकारीखेतीबाट परिचित छ । बिहान झिसमिसै उज्यालो हुनुअघि नै यहाँका किसानहरू खेतबारीतर्फ निस्किसकेका हुन्छन् । करिब ३ बजेदेखि सुरु हुने उनीहरूको कामले गाउँको कृषि गतिविधि चलायमान देखिन्छ । निरन्तर मेहनत, लगाव र परिवारको सहकार्यका कारण यहाँका किसानहरूले तरकारी उत्पादनबाट उल्लेख्य आम्दानी गरिरहेका छन् ।

राधानगरका बासिन्दाका लागि खेतीपाती रोजगारीको माध्यम मात्र नभई दैनिक जीवनको अभिन्न हिस्सा बनेको छ । समयसँगै सुधार हुँदै गएको कृषि प्रविधि, बजारको बढ्दो माग र स्थानीय किसानहरूको सक्रियताले यो गाउँ झापामा तरकारी उत्पादनको महत्त्वपूर्ण केन्द्रका रूपमा विकसित हुँदै गएको छ । अहिले यहाँका धेरैजसो परिवारले मौसमी तरकारीखेतीलाई आफ्नो प्रमुख आयआर्जनको आधार बनाएका छन् ।

राधानगरका किसान सुन्दरलाल शाहको दैनिकी यस गाउँका किसानहरूको प्रतिनिधि कथाजस्तै छ । उहाँको दिनचर्या बिहान ३ बजेदेखि सुरु हुन्छ । घर वरपर अँध्यारो अझै बाँकी रहँदा उहाँ खेततर्फ लागिसक्नुहुन्छ । आजभोलि खेतमा लगाइएका बन्दागोभी, काउली र बैगुनजस्ता मौसमी तरकारी टिप्ने काम त्यसै समयबाट सुरु हुन्छ । तीन बिघा क्षेत्रफलमा फैलिएको उहाँको खेत अहिले बन्दागोभी, काउली र बैगुनले ढाकिएको छ । बिहानैदेखि तरकारी टिप्ने, वर्गीकरण गर्ने र गाडीमा राखेर बजार पठाउने काममा परिवारका सदस्यहरू पनि व्यस्त देखिन्छन् ।

सुन्दरलाललाई यस काममा श्रीमती र छोरी सरिताले भरपूर साथ दिएको बताउनुहुन्छ । "बिहान ३:०० बजे उठ्नुपर्छ, तरकारी टिप्नुपर्छ अनि गाडीमा राखेर झापा जिल्लाको व्यापारिक केन्द्र बिर्तामोडको कृषि थोक बजारसम्म पुऱ्याउनुपर्छ", सुन्दरलाल भन्नुहुन्छ, "तर आफ्नै उत्पादन सिधै बजारमा लैजान पाउँदा बिचौलियाको झन्झट कम हुन्छ ।"

परिवारका सदस्यबाहेक तीन जनालाई नियमित रोजगारी दिनुका साथै तरकारीखेतीबाट खर्च कटाएर वार्षिक रु. १२ लाखभन्दा बढी आम्दानी हुने गरेको उहाँ बताउनुहुन्छ । यद्यपि खेतीमा आम्दानीसँगै खर्च पनि उत्तिकै हुने गरेको सुन्दरलालको अनुभव छ । गोबर मल, ट्र्याक्टर जोताइ, रसायनिक मल, मजदुर खर्च र ढुवानीमा ठूलो रकम खर्च हुने गरेको उहाँ बताउनुहुन्छ । "कमाइ राम्रो हुन्छ तर खर्च पनि धेरै हुन्छ", उहाँ भन्नुहुन्छ, "गोबरमलमै एक वर्षमा एक लाखभन्दा बढी रूपैयाँ खर्च हुन्छ ।"

सुन्दरलालकी छोरी सरिता शाह कृषि क्षेत्रमा नयाँ पुस्ताको प्रतिनिधिजस्तै देखिनुहुन्छ । उहाँले १८ महिनाको कृषि प्राविधिक (जेटिए) अध्ययन पूरा गर्नुभएको छ । बाल्यकालदेखि बुबाले खेतमा गरेको मेहनत देख्दै हुर्किनुभएकी सरितालाई कृषि क्षेत्रमा काम गर्ने प्रेरणा त्यहीँ बाट मिलेको हो । "सानैदेखि बुबाले खेती गरेको देखेर यो क्षेत्रमा केही गर्नुपर्छ भन्ने लाग्थ्यो", सरिता भन्नुहुन्छ, "त्यसैले कृषि पढेँ, अहिले बुबालाई सघाउँदा धेरै कुरा बुझ्न सजिलो भएको छ ।" उहाँका अनुसार गाउँमै तरकारीखेती गरेर राम्रो आम्दानी गर्न सकिन्छ । तर सीमावर्ती भारतीय बजारबाट अवैध विषादीयुक्त सस्तो मूल्यका तरकारी खुल्ला रूपले आउँदा स्थानीय किसानले उचित बजार मूल्य पाउन नसक्ने समस्या भने अझै रहेको सरिता बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "त्यस्ता तरकारी सस्तोमा आउँदा हाम्रो उत्पादनको मूल्य घट्छ ।"



सुन्दरलालको परिवारको परम्परागत पेसा भने सुर्तीखेती थियो । उहाँका बुबा र हजुरबुबाहरूले पनि यही खेती गर्दै आएका थिए । तर समयसँगै सुर्तीखेतीमा बजार घट्दै गयो र आम्दानी पनि कम हुन थाल्यो । मौसमले पनि साथ दिन छाड्यो त्यसपछि सुन्दरलालले विसं २०५२ देखि तरकारीखेती सुरु गर्नुभएको हो । सुरुआती दिनहरूमा सानो जमिनबाट सुरु गरिएको खेती अहिले तीन बिघासम्म विस्तार भएको छ । "पहिला सानो कित्ताबाट सुरु गरेको थिएँ", उहाँ सम्झनुहुन्छ, "अहिले मेहनत र अनुभवले खेती राम्रो भएको छ ।"

राधानगरकै अर्का किसान जगतलाल शाहको कथा पनि उत्तिकै प्रेरणादायी छ । उहाँले आठ वर्ष मलेसियामा वैदेशिक रोजगारी गर्नुभयो । विदेशमा काम गरेर फर्किएपछि उहाँले गाउँमै तरकारीखेती सुरु गर्नुभयो । "विदेशमा काम गर्दा पनि मन गाउँमै थियो", उहाँ भन्नुहुन्छ, "त्यसैले फर्किएपछि खेती सुरु गरेँ ।" हाल उहाँले एक बिघा जमिनमा तरकारीखेती र दुई बिघामा मकैखेती गर्दै आउनुभएको छ । खेतीबाट खर्च कटाएर वार्षिक रु. १५ लाखभन्दा बढी आम्दानी हुने गरेको उहाँ बताउनुहुन्छ । "अहिले दुई जना मजदुरलाई नियमित रोजगारी दिएको छु", उहाँ भन्नुहुन्छ, "तरकारीखेतीकै कमाइबाट दुई बिघा जमिन थप जोडेको पनि छु ।"

जगत्का दुई छोराहरू भने हाल विदेशमै रोजगारीमा छन् । भविष्यमा उनीहरूलाई पनि गाउँमै फर्काएर कृषि क्षेत्रमा लगाउने योजना रहेको उहाँ बताउनुहुन्छ । राम्रो आम्दानीसँगै बजार सजिलै पाए पनि उचित मूल्य पाउन चुनौती रहेको जगतलालको अनुभव छ । राधानगरकै अर्का किसान विनोद शाह पनि तरकारीखेतीबाट राम्रो आम्दानी गरिरहनुभएको छ । उहाँले एक विघा जमिनमा बन्दागोभी, काउली र बैगुनलगायतका मौसमी तरकारीखेती गर्दै आउनुभएको छ ।

विनोदले आफ्नो उत्पादन स्थानीय बजारमा बिक्री गर्ने गर्नुभएको छ । घरका सदस्यहरू मिलेर काम गर्दा खर्च कम हुने र आम्दानी राम्रो हुने उहाँको अनुभव छ । "घरकै मान्छेले काम गर्दा खर्च कम हुन्छ", उहाँ भन्नुहुन्छ, "खर्च कटाएर वार्षिक रु. आठ लाखभन्दा बढी आम्दानी हुन्छ ।" तर उहाँका अनुसार भारतीय बजारबाट आउने विषादीयुक्त तरकारी स्थानीय किसानका लागि मुख्य चुनौती बनेको छ ।

राधानगरमा शाह समुदायका करिब १४० परिवार बसोबास गर्दै आएका छन् । यीमध्ये अधिकांश परिवार तरकारीखेतीमा संलग्न छन् । श्यामनारायण शाह, झडीलाल शाह, नागिन शाह, लखतलाल शाहलगायतका किसानहरू पनि यही पेसामा सक्रिय छन् । मौसमी तरकारी उत्पादनका कारण राधानगरलाई अहिले 'तरकारी पाइने गाउँ'का रूपमा चिनिन थालेको छ । झापाको प्रमुख बजार बिर्तामोडमा आउने स्थानीय तरकारीमध्ये धेरैजसो यही गाउँबाट पुग्ने गरेको छ ।

बाह्रदशी गाउँपालिकाको कृषि विकास शाखाका प्रमुख निशान विष्टका अनुसार यस क्षेत्रमा अधिकांश किसानले मौसमी तरकारीखेती गर्दै आएका छन् । गाउँपालिकाले किसानलाई कृषि उपकरण, प्रविधि र तालिम उपलब्ध गराउँदै आएको उहाँ बताउनुहुन्छ । "किसानलाई आवश्यक पर्दा समन्वय र सहयोग गर्ने काम पालिकाले गरिरहेको छ," उहाँ भन्नुहुन्छ । कृषि प्रविधिको प्रयोग, उन्नत बीउबिजन र बजार व्यवस्थापनमा सहयोग मिल्दै जाँदा यहाँको तरकारी उत्पादन अझै बढ्ने अपेक्षा गरिएको छ ।

तरकारीखेतीबाट राम्रो आम्दानी भए पनि किसानहरूले केही चुनौती पनि भोगिरहेका छन् । मुख्य समस्या भनेको भारतीय बजारबाट आउने सस्तो तरकारी हो । विषादी प्रयोग भएका तरकारी सस्तोमा बजारमा आउँदा स्थानीय उत्पादनको मूल्य घट्ने गरेको किसानहरू बताउँछन् । यद्यपि किसानहरू मेहनत, अनुभव र नयाँ प्रविधिको प्रयोगबाट यी चुनौती पार गर्दै अघि बढिरहेका छन् ।

आज राधानगरका खेतहरूमा फैलिएको हरियाली केवल तरकारीका बोटहरूको हरियाली मात्र होइन, यो गाउँका किसानहरूको आशा र भविष्यको हरियाली पनि हो । बिहानको अँध्यारो चिर्दै खेतमा पुग्ने किसानहरूको मेहनतले यहाँको माटोलाई सुनजस्तै बनाइरहेको छ । सुन्दरलाल, जगतलाल, विनोदजस्ता किसानहरूको कथाले देखाउँछ-यदि इच्छाशक्ति र मेहनत भए गाउँमै बसेर पनि सम्मानजनक आम्दानी गर्न सकिन्छ । राधानगर आज केवल एउटा गाउँ होइन, मेहनत र सम्भावनाको कथा बनेको छ । खेतबारीमा हुर्किरहेका तरकारीसँगै यहाँका किसानहरूको सपना पनि दिनदिनै बढिरहेको छ । भविष्यमा अझ राम्रो प्रविधि, बजार व्यवस्थापन र सरकारी सहयोग मिल्दै गए यो गाउँ झापाको मात्र होइन, देशकै उत्कृष्ट तरकारी उत्पादन केन्द्रका रूपमा स्थापित हुने अपेक्षा गर्न सकिन्छ । ***रासस***

---

***स्ट्रेट...***

युद्धका लागि राम्रोसँग प्रशिक्षित छन्) र इरानको ३,५०,००० नियमित सेनाबाट भयानक प्रतिरोधको सामना गर्नुपर्नेछ ।

उत्तरमा अजेरी (Azeris) हरू अनिच्छुक र दक्षिण-पूर्वमा राजधानीबाट टाढा रहेका बलुच (Baloch) जनजातिहरू तेहरानमा आक्रमण गर्न असमर्थ भएपछि, वासिङटन विगत ५० वर्षदेखि जस्तै आफ्नो 'कुर्दिस कार्ड' खेल्न हतारिएको छ । सिरिया, टर्की, इराक र इरानको उच्च हिमाली सिमानामा छरिएर रहेका १० करोड जनसङ्ख्या भएका कुर्दहरू आफ्नै राज्य नभएका मध्यपूर्वका सबैभन्दा ठुलो जातीय समूह हुन् । यसैकारण, उनीहरू लामो समयदेखि साम्राज्यवादी 'ग्रेट गेम' (शक्ति सङ्घर्ष) को गोटी बन्न बाध्य भएका छन्, जसले उनीहरूलाई साम्राज्यवादी प्रभावमा आउने ठुला परिवर्तनहरूको एक संवेदनशील सूचक (Bellwether) बनाएको छ ।

पछिल्लो युद्धको पहिलो हप्तामा राष्ट्रपति ट्रम्पले इराकको कुर्दिस्तान क्षेत्रका शीर्ष नेताहरूलाई व्यक्तिगत रूपमा फोन गरेर इरानमाथि आक्रमण गरेमा 'व्यापक अमेरिकी हवाई सुरक्षा' दिने प्रस्ताव गरे पनि र कुर्दिस्तानको राजधानी एर्बिलमा अमेरिकाको सैन्य हवाई अड्डा भए तापनि, कुर्दहरू अहिलेसम्म अस्वाभाविक रूपमा सतर्क देखिरहेका छन् ।

वास्तवमा, वासिङटनले कुर्द लडाकुहरूलाई प्रयोग गर्ने र धोका दिने लामो इतिहास छ, जुन पूर्वविदेशमन्त्री हेनरी किसिन्जरको समयदेखि सुरु भएको हो । किसिन्जरले कुर्दहरूसँगको विश्वासघातलाई कूटनीतिक कलाको रूपमा विकास गरेका थिए । सन् १९७५ मा सद्दाम हुसेनविरुद्धको इराकी कुर्द प्रतिरोधलाई दिइँदै आएको सीआईए सहायता बन्द गर्न आदेश दिएपछि किसिन्जरले एक सहयोगीसँग भनेका थिए, "उनीहरूलाई जे पनि आश्वासन देऊ, जे पाउँछन् त्यही देऊ र यदि उनीहरूले यसलाई ठट्टाको रूपमा लिन सक्दैनन् भने उनीहरूको वास्तै नगर ।"

जब इराकी सेनाले कुर्दिस्तानमा प्रवेश गरी सयौँ असहाय कुर्दहरूको हत्या गऱ्यो, तब इराकी कुर्दिस्तानका वर्तमान प्रमुखका हजुरबुबा तथा पौराणिक नेता मुस्तफा बारजानीले किसिन्जरसँग अनुनय गर्दै भनेका थिए, "महामहिम, हाम्रो जनताप्रति संयुक्त राज्य अमेरिकाको नैतिक र राजनीतिक जिम्मेवारी छ ।" किसिन्जरले त्यो हतास पुकारलाई जवाफ दिने शिष्टता समेत देखाएनन् र उल्टै काङ्ग्रेसलाई भने, "गोप्य कारबाहीलाई परोपकारी काम (Missionary work) सँग दाँज्नु हुँदैन ।"

गत जनवरीमा, ट्रम्प प्रशासनले अत्यन्तै गलत समयमा कुर्दहरूलाई फेरि एकपटक धोका दियो । वासिङटनले सिरियाली कुर्दहरूसँगको एक दशक लामो गठबन्धन तोड्दै उनीहरूलाई आफ्नो ८० प्रतिशत ओगटेको क्षेत्र त्याग्न बाध्य बनायो । दक्षिण-पूर्वी टर्कीमा कट्टरपन्थी कुर्दिश पीकेके (PKK) पार्टीले प्रधानमन्त्री रेसेप अर्दोआनसँग सम्झौता गरी हतियार बिसाउँदै छ । अर्कोतर्फ, इराकको कुर्दिस्तान क्षेत्रले तेहरानसँगको २०२३ को कूटनीतिक समझदारीलाई सम्मान गर्दै इरान-इराक सीमामा शान्ति कायम राख्न युद्धबाट टाढै रहने निर्णय गरेको छ । राष्ट्रपति ट्रम्पले इरानको करिब १० प्रतिशत जनसङ्ख्या रहेका इरानी कुर्दहरूका कम्तीमा एक नेतालाई सशस्त्र विद्रोहका लागि प्रोत्साहन गर्न फोन गरेका छन्, तर अधिकांश इरानी कुर्दहरू सत्ता परिवर्तनभन्दा क्षेत्रीय स्वायत्ततामा बढी इच्छुक देखिएका छन् ।

ट्रम्पले कुर्दहरूलाई आक्रमण गर्न र इरानी जनतालाई विद्रोह गर्न गरेका आह्वानहरू मौनतामा परिणत भइरहँदा, वासिङटनले यो युद्ध इरानको इस्लामिक शासनलाई झन् बलियो बनाएर मात्र टुङ्ग्याउने सम्भावना छ । यसले विश्वलाई देखाउनेछ कि अमेरिका अब केवल एक विघटनकारी शक्ति मात्र होइन, बरु एक कमजोर हुँदै गएको शक्ति हो जसको बिना पनि अन्य राष्ट्रहरू चल्न सक्छन् । विगत १०० वर्षभन्दा बढी समयदेखि इरानी जनताले वास्तविक लोकतन्त्र स्थापनाका लागि ६ पटक प्रयास गरिसकेका छन् । तर, अहिलेको अवस्था हेर्दा उनीहरूको सातौँ प्रयास अमेरिकी नौसैनिक बेडाहरू अरब सागरबाट फर्किएको लामो समयपछि मात्र हुने देखिन्छ ।

**सूक्ष्म राजनीतिदेखि भू-राजनीतिसम्म**

यदि हामी इरानको जातीय राजनीतिको यो सूक्ष्म (Granular) दृश्यभन्दा माथि उठेर इरान युद्धको व्यापक भू-रणनीतिक दृष्टिकोणबाट हेर्छौं भने, कुर्दिस्तानका पहाडहरूमा वासिङटनको घट्दो प्रभावले विशाल युरेसियाली भू-भागमा उसको फिक्का हुँदै गएको भू-राजनीतिक वर्चस्वलाई प्रतिबिम्बित गर्दछ । यो क्षेत्र विगत ५०० वर्षदेखि जस्तै आज पनि भू-राजनीतिक शक्तिको केन्द्रबिन्दु बनेको छ ।

विगत झन्डै ८० वर्षदेखि संयुक्त राज्य अमेरिकाले पश्चिमी युरोपमा आफ्नो नाटो (NATO) गठबन्धन र जापानदेखि अस्ट्रेलियासम्मको प्रशान्त तटीय क्षेत्रमा रहेका चारवटा द्विपक्षीय रक्षा सम्झौतामार्फत युरेसियाका अक्षीय छेउहरूलाई नियन्त्रण गरेर आफ्नो विश्वव्यापी प्रभुत्व कायम राखेको छ । तर अहिले, जब वासिङटनले आफ्नो परराष्ट्र नीति पश्चिमी गोलार्द्धमा बढी केन्द्रित गर्दै छ, पोल्यान्डदेखि मध्यपूर्व हुँदै कोरियासम्म फैलिएको युरेसियाको विशाल चापमा अमेरिकी प्रभाव तीव्र रूपमा घट्दै गइरहेको छ । सर हाल्फोर्ड म्याकिन्डर र निकोलस स्प्याकम्यान जस्ता भू-राजनीतिविद्हरूले यस क्षेत्रलाई 'रिमल्यान्ड' (Rimland) वा 'द्वन्द्वको क्षेत्र' भन्ने गर्थे । स्प्याकम्यानले कुनै समय यसलाई सङ्क्षिप्तमा यसरी व्याख्या गरेका थिए, "जसले रिमल्यान्डलाई नियन्त्रण गर्छ, उसले युरेसियामा शासन गर्छ; जसले युरेसियामा शासन गर्छ, उसले विश्वको भाग्य नियन्त्रण गर्छ ।"

सन् २०१६ मा डोनाल्ड ट्रम्पको 'अमेरिका फस्ट' (America First) परराष्ट्र नीतिको उदय भएदेखि, सम्पूर्ण युरेसियाली रिमल्यान्डका प्रमुख र मध्यम शक्तिहरूले सक्रिय रूपमा अमेरिकी प्रभावबाट आफूलाई अलग गरिरहेका छन् । यसमा युरोप (पुन: शस्त्रीकरणमार्फत), रुस (युक्रेनमा पश्चिमलाई चुनौती दिएर), टर्की ( वर्तमान युद्धमा तटस्थ रहेर), पाकिस्तान (चीनसँग गठबन्धन गरेर), भारत ( वासिङटनको 'क्वाड' गठबन्धन तोडेर) र जापान (स्वायत्त रक्षा नीति बनाउन पुन: शस्त्रीकरण गरेर) सामेल छन् । यो जारी अलगाव इरान हस्तक्षेपमा समर्थनको अभावबाट प्रस्ट हुन्छ, जहाँ कुनै समयका नजिकका युरोपेली र एसियाली सहयोगीहरू समेत साथमा छैनन् । यो सन् १९९१ को खाडी युद्ध र २००२ को अफगानिस्तान कब्जामा सामेल भएका व्यापक गठबन्धनहरूको तुलनामा ठ्याक्कै विपरीत छ । ट्रम्पको इरानमाथिको 'माइक्रो-मिलिटारिज्म' ले अन्जानमै तर स्पष्ट रूपमा अमेरिकी शक्तिको सीमा उजागर गरिदिएको छ । युरेसियाभरि वासिङटनको घट्दो प्रभावले निस्सन्देह एक नयाँ विश्व व्यवस्थाको उदयका लागि उत्प्रेरकको काम गर्नेछ, जुन सम्भवत: अमेरिकी विश्वव्यापी प्रभुत्वको पुरानो व्यवस्थाभन्दा धेरै अगाडि बढ्नेछ ।

सर एन्थोनी इडेनलाई आज संयुक्त अधिराज्यमा स्वेजमा बेलायती साम्राज्य नष्ट गर्ने एक अयोग्य प्रधानमन्त्रीको रूपमा दु:खका साथ सम्झिइए जसरी नै भविष्यका इतिहासकारहरूले डोनाल्ड ट्रम्पलाई मध्यपूर्वमा उनको माइक्रो-मिलिटरी दुस्साहसलगायतका कारणले अमेरिकी अन्तर्राष्ट्रिय प्रभावलाई गिराउने राष्ट्रपतिको रूपमा देख्न सक्छन् । साम्राज्यहरूको उदय र पतन भइरहँदा, यस्ता भू-राजनीतिले उनीहरूको भाग्य निर्धारण गर्न सधैँ स्थिर कारकको भूमिका खेल्छ- जुन पाठ मैले आफ्नो पुस्तक 'कोल्ड वार अन फाइभ कन्टिनेन्ट्स' मा खुलाउने प्रयास गरेको छु ।

यस्तो कठिन समयमा, जब घटनाहरू अन्योलपूर्ण र भ्रमित देखिन्छन्, मार्क ट्वेनका 'प्राचीन दन्त्यकथाहरूका फुटेका टुक्राहरू' ले हामीलाई बेलायत वा सोभियत सङ्घको शक्ति र प्रभावको पतनजस्ता ऐतिहासिक समानताको सम्झना गराउन सक्छन् । यसले हामीलाई यो बुझ्न मद्दत गर्दछ कि कसरी भूतकालले प्राय: वर्तमानसँग कानेखुसी गरिरहेको हुन्छ- जस्तो कि अहिले हर्मुज जलडमरूमध्यमा भइरहेको देखिन्छ ।

***स्रोत : काउन्टर करेन्ट***

# मध्यपूर्व तनाव चर्किंदै, विश्वभर असर फैलिने सङ्केत

पेरिस, १८ मार्च (एएफपी)। मध्यपूर्वमा जारी युद्धले अब क्षेत्रीय सीमाभन्दा बाहिर प्रभाव पार्ने स्पष्ट सङ्केत देखिएको छ। इजरायल र इरानबिचको प्रत्यक्ष-अप्रत्यक्ष सैन्य टकरावसँगै खाडी क्षेत्र, अन्तर्राष्ट्रिय शक्ति सन्तुलन र ऊर्जा सुरक्षासमेत प्रभावित हुने अवस्था देखिँदै गएको छ।


इरानी मिसाइल हमलापछि तेलअभिबको एक स्थान

इजरायली सेनाले बुधबार दक्षिणी लेबनानका चार सहरका बासिन्दालाई तत्काल सुरक्षित स्थानतर्फ जान सूचना जारी गर्दै इरान समर्थित हिजबुल्लाहविरुद्ध लक्षित आक्रमण हुने धम्की दिएको छ। यसअघि नै निकासी धम्कीपछि मध्य बेरुतमा आक्रमण भएको लेबनानी सञ्चारमाध्यमहरूले जनाएका छन्। लेबनानको स्वास्थ्य मन्त्रालयका अनुसार बिनाचेतावनी भएका दुई आक्रमणमा कम्तीमा छ जनाको मृत्यु भएको छ भने २४ जना घाइते भएका छन्। इजरायलले आफ्नो भूमितर्फ भएका रकेट प्रहारको जवाफस्वरूप टायर आसपासका क्षेत्रमा हिजबुल्लाहका सम्भावित आश्रयमा निरन्तर आक्रमण गरिरहेको जनाएको छ।

यता, इरानले युद्धको असर विश्वव्यापी हुने चेतावनी दिएको छ। इरानी विदेशमन्त्री अब्बास अराघचीले सामाजिक सञ्जालमार्फत प्रतिक्रिया दिँदै विश्वव्यापी प्रतिक्रिया सुरु भइसकेको र यसले सबै वर्गलाई असर गर्ने बताउनुभएको छ। उहाँले उक्त अभिव्यक्तिसँगै अमेरिकी राष्ट्रिय आतङ्कवादविरोधी केन्द्रका निर्देशक जोसेफ केन्टको राजीनामापत्रसमेत साझा गर्नुभएको छ। ट्रम्प प्रशासनद्वारा नियुक्त केन्टले इरानविरुद्धको युद्धलाई समर्थन गर्न नसक्ने भन्दै आफ्नो पद त्यागेको घोषणा गर्नुभएको हो।

इरानी सैन्य नेतृत्वले पनि कडा प्रतिक्रिया जनाउँदै सुरक्षा प्रमुख अली लारिजानीको हत्याको 'निर्णायक र खेदजनक बदला' लिने चेतावनी दिएको छ। इरानको रिभोलुसनरी गार्ड्सले मध्य इजरायलमा मिसाइल प्रहार गरेको दाबी गर्दै लारिजानीसहित मारिएकाहरूको बदला लिने प्रतिबद्धता व्यक्त गरेको छ।

प्यालेस्टिनी प्रतिरोध आन्दोलन हमासले पनि इरानप्रति ऐक्यबद्धता जनाउँदै यो द्वन्द्वले सम्पूर्ण क्षेत्रको सुरक्षा र स्थिरता जोखिममा पार्ने उल्लेख गरेको छ। इरानको सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्ले लारिजानीको मृत्यु पुष्टि गरिसकेको छ।

खाडी क्षेत्रमा पनि सुरक्षा चुनौती तीव्र बनेको छ। संयुक्त अरब इमिरेट्समा अस्ट्रेलियाली सैन्य मुख्यालय नजिक इरानी प्रक्षेप्य खसेको जानकारी सार्वजनिक भएको छ। साउदी अरेबियाले प्रिन्स सुल्तान एयर बेस नजिक ब्यालेस्टिक मिसाइल रोकेको जनाएको छ भने आठवटा ड्रोनसमेत निष्क्रिय पारेको छ। कुवेत र कतारले पनि रकेट तथा ड्रोन आक्रमणहरू विफल पारेका छन्।

यसैबिच, अमेरिकी सेनाले होर्मुज जलडमरू नजिक इरानी क्षेप्यास्त्र केन्द्रहरूमा शक्तिशाली 'बङ्कर बस्टर' बम प्रयोग गरी आक्रमण गरेको जनाएको छ। यो क्षेत्र विश्व ऊर्जा आपूर्तिका लागि अत्यन्त संवेदनशील मानिन्छ, जसले द्वन्द्वको आर्थिक प्रभावलाई अझ गम्भीर बनाएको छ।

इजरायलतर्फ पनि क्षति बढ्दो छ। राजधानी तेलअभिव नजिक इरानबाट प्रहार गरिएको मिसाइल आक्रमणमा थप दुई जनाको मृत्यु भएको छ, जससँगै यस प्रकारका आक्रमणबाट ज्यान गुमाउनेको सङ्ख्या १४ पुगेको छ। तेल अभिवका सयौं सैनिक तथा सरकारी संरचना ध्वस्त भएका छन्। उता बगदादस्थित अमेरिकी दूतावासमा ड्रोन र रकेट आक्रमण हुँदा परिसरभित्र आगलागी भएको बताइएको छ।

इरानभित्र भने सरकारले राष्ट्रव्यापी ऱ्याली आह्वान गरेपछि विभिन्न सहरहरूमा ठूलो भीड जम्मा भएको छ। फारसी नयाँ वर्ष 'नौरोज' को अवसरमा हुने यस्ता जमघटलाई सरकारले आन्तरिक एकता प्रदर्शनका रूपमा उपयोग गर्न खोजेको देखिन्छ।

अन्तर्राष्ट्रिय राजनीतिक मतभेद पनि सतहमा आएका छन्। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले होर्मुज जलडमरू पुन: कब्जा गर्नमा सहयोग नगरेको भन्दै नाटो र बेलायतको आलोचना गरेका छन्। बेलायती प्रधानमन्त्री किर स्टार्मरप्रति निराशा व्यक्त गर्दै उनले सहयोगको आवश्यकता नरहेको भनी आक्रोश देखाएका छन्।

यसबिच लेबनानमा मानवीय क्षति बढिरहेको छ। दक्षिणी क्षेत्रमा इजरायली आक्रमणमा तीन सैनिक मारिएका छन्। लेबनानको स्वास्थ्य मन्त्रालयका अनुसार मार्च २ देखि सुरु भएको द्वन्द्वमा मृत्यु हुनेको सङ्ख्या ९१२ पुगेको छ। यो अघिल्लो दिन ८८६ थियो। समग्रमा, घटनाक्रमहरूले युद्धको दायरा फराकिलो हुँदै गएको र यसको प्रभाव विश्वव्यापी बन्ने सङ्केत प्रष्ट रूपमा देखिएको छ।

# गुणस्तर अभिवृद्धिका लागि क्याम्पस प्रतिनिधिहरूसँग अभिमुखीकरण




हेटौँडा,४ चैत। प्रदेश राजधानी हेटौँमा एक कार्यक्रमबीच बाग्मती प्रदेश सामाजिक विकास मन्त्रालयअन्तर्गत रहेको शिक्षा विकास निर्देशनालयले बुधबार सामुदायिक क्याम्पस गुणस्तर अभिवृद्धिका कार्यक्रम कार्यान्वयका लागि छनोट भएका क्याम्पसहरूसँग सम्झौता तथा अभिमुखीकरण कार्यक्रम गऱ्यो।

बाग्मती प्रदेशका १३ वटै जिल्लाबाट छानिएका विभिन्न क्याम्पसका क्याम्पस प्रमुख तथा क्याम्पस सञ्चालक समितिका अध्यक्षहरूको उपस्थितिमा अभिमुखीकरण तथा सम्झौतापत्रमा दुई पक्षले हस्ताक्षर गरे।

सो कार्यक्रममा भक्तपुर नगरपालिकाका वागीश्वरी कलेज कमलविनायक, ख्वप कलेज देकोचा तथा ख्वप इन्जिनियरिङ कलेज लिबालीका प्राचार्यहरू तथा सञ्चालक समितिका प्रतिनिधिले सो कार्यक्रममा सहभागिता जनाएका थिए।

वागीश्वरी कलेजबाट मोहनप्रसाद प्रजापति तथा प्राचार्य धनकुमार श्रेष्ठ, ख्वप कलेजबाट अध्यक्ष (भनपाका मेयर) का प्रतिनिधि हरिराम सुवाल तथा प्राचार्य प्रकाशकुमार श्रेष्ठ र ख्वप इन्जिनियरिङ कलेजबाट अध्यक्ष (भनपाका मेयर) का प्रतिनिधि योगेन्द्रमान बिजुक्छेँ तथा प्राचार्य सुजन माकले सम्झौतापत्रमा हस्ताक्षर गर्नुभएको थियो।

गुणस्तर अभिवृद्धिका लागि दिइने अनुदान रकम पहिलेका वर्षहरूमा रु. १०/१० लाख दिइँदै आएकोमा यस वर्ष सङ्घीय सरकारले बजेट कटौती गरेको कारण रु. ५/५ लाखको व्यवस्था गरेको निर्देशनालयका का.मु. निर्देशक गोपालप्रसाद कडेलले जानकारी गराउनुभयो।

# चाँगुनारायणमा माटो ओसारपसारविरुद्ध स्थानीयको 'एक्सन' : टिपर-डोजर नियन्त्रणमा

*- हरिसुन्दर छुकां*

भक्तपुर, ४ चैत। ताथली क्षेत्रमा लामो समयदेखि जारी अवैध माटो उत्खनन तथा ओसारपसारले वातावरण, पूर्वाधार र स्थानीय जीवनमा गम्भीर असर पारेपछि स्थानीयवासी अन्तत: प्रत्यक्ष 'एक्सन' मा उत्रिएका छन्। पटक-पटकको गुनासो र चेतावनीलाई बेवास्ता गरिएपछि उनीहरूले फिल्डमै पुगेर सवारीसाधन नियन्त्रणमा लिँदै राज्य संयन्त्रलाई काम गर्न बाध्य बनाएका हुन्।



स्थानीयका अनुसार रातिको समयमा डोजर प्रयोग गरी अनियन्त्रित उत्खनन र टिपरमार्फत माटो ओसारपसार नियमितजस्तै भइरहेको थियो। यसका कारण धुलोधुँवा बढ्नुका साथै सडक जीर्ण बन्नु, आवतजावत जोखिमपूर्ण हुनु र दुर्घटनाको सम्भावना उच्च भएको थियो।

विशेषगरी केही महिनाअघि मात्र निर्माण सम्पन्न भएको फैढोका-सौडोल-खड्का-बुढाथोकी टोल हुँदै जाने तधचा: सडक खण्ड अवैध माटो ओसारपसारकै कारण छोटो समयमै बिग्रिन थालेको छ। धुलाम्य सडक, खाल्डाखुल्डी र बिग्रिएको संरचनाले स्थानीयलाई दैनिक सास्ती दिइरहेको छ।

यस विषयमा स्थानीयले पटक-पटक चाँगुनारायण नगरपालिका, प्रहरी र नगर प्रहरीलाई जानकारी गराउँदै अवैध उत्खनन रोक्न माग गरेका थिए।

गत फागुन २६ गते पीडित तथा सरोकारवालाहरूले नगर प्रमुख जीवन खत्रीलाई लिखित ध्यानाकर्षण गराउँदै तत्काल नियन्त्रणको माग गरेका थिए। सो क्रममा प्रमुख खत्रीले फागुन २८ गतेभित्रै संयन्त्र बनाएर समस्या समाधान गर्ने प्रतिबद्धता जनाएका थिए। तर, समयसीमा नाघिसक्दा पनि कार्यान्वयन नभएपछि स्थानीयले आफ्नै पहलमा कदम चालेका हुन्।

स्थानीयले स्थलगत अनुगमन गर्दा उत्खनन र ओसारपसार दुवै नरोकिएको पुष्टि भएपछि वडा अध्यक्ष गणेश त्यातमार्फत नगर प्रहरीलाई खबर गरिएको थियो। खबर गरेको करिब ३५ मिनेटपछि नगर प्रहरी घटनास्थल पुगेको थियो।

त्यसअघि नै स्थानीयले अवैध रूपमा प्रयोग भइरहेका टिपर र डोजर नियन्त्रणमा लिइसकेका थिए। पछि ती सवारीसाधन चाँगुनारायण नगरपालिकालाई बुझाइएको छ।

नगरपालिकाले सवारीसाधनमाथि छानबिन गरी दोषीमाथि कारबाही गर्ने जनाएको छ।

तर स्थानीयको माग अब प्रतिबद्धतामा सीमित छैन। उनीहरूले अवैध उत्खननमा संलग्न समूहको पहिचान, कानुनी कारबाही, क्षतिपूर्ति र दीर्घकालीन अनुगमन संयन्त्रको माग गरेका छन्।

# केन्द्रीय कारागारबाट भागेका एक हजार बढी कैदीबन्दी अझै फरार


काठमाडौँ, ४ चैत। जेन-जी आन्दोलनमा केन्द्रीय कारागार सुनधाराबाट भागेका एक हजार बढी कैदीबन्दी अझै फरार छन्।

केन्द्रीय कारागार कार्यालयका सूचना अधिकारी वैकुण्ठ रेग्मीले जेन-जी आन्दोलनको क्रममा भागेका कैदीबन्दीमध्ये एक हजार २०० हाराहारीमा कैदीबन्दी अझै फरार रहेको जानकारी दिनुभयो। "भदौ २४ गते बिहानसम्म केन्द्रीय कारागारमा तीन हजार ८८० कैदीबन्दी थिए। जेन-जी आन्दोलनको क्रममा तीन हजार ५१७ कैदीबन्दी भागेका थिए। तीमध्ये अधिकांश कैदीबन्दी फिर्ता भए, हाल एक हजार २०० कैदीबन्दी अझै फरार छन्," उहाँले भन्नुभयो।

हाल केन्द्रीय कारागारमा तीन हजार ३१३ कैदीबन्दी छन्। जसमध्ये एक हजार ९२० कैदी, एक हजार ४९३ थुनुवा छन्। केन्द्रीय जेलमा एक हजार ७४९, भद्रगोल जेलमा एक हजार २५० र महिला जेलमा ३१४ कैदीबन्दी रहेको सूचना अधिकारी रेग्मीले बताउनुभयो।

केन्द्रीय कारागारमा जेन-जी आन्दोलनको क्रममा सामान्य क्षति भएको थियो। कारागारभित्र रहेका पाँचवटै भवन सुरक्षित भएकाले पुन: कैदीबन्दीलाई फर्काउन सहज भएको कारागार प्रशासनले जनाएको छ।

हार्दिक समवेदना



जन्म
२०३७/०३/०८

निधन
२०८२/१२/०१

हाम्रा यस बासीडोल साथीभाइ समूहका सदस्य **पुण्यराम कवाँ**को असामयिक निधन भएको आज पाँचौं दिन (ङानुमा) को पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

**बासीडोल साथीभाइ समूहका साथीहरू**

| | | |
|---|---|---|
| तीर्थराम दुवाल | कान्छा कोजु | मैँयाकेशरी बखुन्छेँ |
| कृष्णराम बखुन्छेँ | मोडेल ख्याजु | विष्णुकेशरी दुवाल |
| राजु बखुन्छेँ | नानीमैँया किलम्बु | नानीबेटी कोजु |
| विक्रम किलम्बु | न्हुछेमाया ख्याजु | ममता ख्याजु |
| | लक्ष्मी बखुन्छेँ | |


*गैरसरकारी...*

आएको होइन। देशको ठूलो सम्पत्ति खरानी पार्ने काम यहाँका कुनै पनि पार्टीले गर्दैन, गर्न सक्दैन। राजनीतिक विश्लेषकहरू त यस्तो कार्य संयुक्त राज्य अमेरिका र भारतको सहयोग या साथबिना गर्नै नसक्ने बताउँछन्।

देशको नदीनाला र खनिज राष्ट्रिय सम्पत्ति हो। देश र जनताको हितमा उपयोग गर्नुपर्ने ती महत्त्वपूर्ण सम्पत्ति विदेशी कम्पनी, विदेशी दलाल र विदेशको हातमा गएको छ। यसको उपयोग र संरक्षण नेपाल सरकारले नै गर्नुपर्छ। यस कार्यमा शासकहरू संवेदनशील र गम्भीर नभएको कारण एकपछि अर्को देशका नदीनाला अरु देशको अधीनमा गयो। देशका स्रोत र साधन अरु देशको अधीनमा गएपछि देश कसरी आत्मनिर्भर हुन्छ ? देशको आयस्रोत कसरी बढ्छ ? जहिल्यै अरु देशको अधीन या उठबसमा बसेपछि देशको मुहार कसरी फेर्न सकिन्छ ? अत: देशभक्त पतिपक्ष पार्टी र नेताहरूले त्यस्तो सन्धि हुन नदिन सरकारको खबरदारी गर्नुपर्छ। त्यस्तो खबरदारी गर्ने प्रतिपक्षको भूमिका सरकारमा नरहेको दलले गर्छ कि गर्दैन ? राजनीतिक वृत्तमा चर्चाको विषय बनेको छ।

शासकहरूको चर्तिकला अनौठो खालको छ। देशमा आर्थिक, राजनीतिक भ्रष्टाचार व्याप्त छ। अपराधीलाई नियन्त्रण गर्नुपर्ने राजनीतिक दलका नेताहरू अपराधीहरूको पछि दगुरिरहेका छन्। यो देशको निम्ति विडम्बनाको विषय बनेको छ। देश र जनताको सेवामा समर्पित हुनुपर्ने नेता, मन्त्री र सांसदहरू सत्ता स्वार्थमा केन्द्रित हुँदा, अपराधीहरूको पछि लाग्दा देशमा अपराध र बेथिति बढेको हो ; काण्डै काण्डले देश दुर्गन्धित भएको हो। विगतमा नेपाल र नेपालीको अहितमा धेरै असमान सन्धि सम्झौता भयो।

उक्त सम्झौतामा हरेकजसो शासकहरू फसे। अब बन्ने सरकार र सरकारको नेतृत्व गर्ने दलका नेता, मन्त्री र सांसद्हरू देशघाती र जनघाती काममा संलग्न हुनेछैनन्। अनि मात्र शासकहरू देश र जनताप्रति जिम्मेवार हुनेछन्।

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु ★ सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा